जन आकाश
Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक
www.janaakash.com
वर्ष- १८, अंक- ३४, २०८२ साल चैत १० गते मंगलबार (March 24, 2026) www.janaakash.com.np

जनआकाश मिडिया प्रा.लि. बाट प्रशारित
www .janaakash .com .np

अनलाइन सञ्चालन भइ रहेको हुदा तपाइहरुको सल्लाह, सुझाव, व्यवसायीक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेन्सी, कम्पनी, शुभचिन्तक, पाठक वर्ग लगायत माहानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जनआकाश युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नामहरु जोडेर जनआकाशको वार्षिकोत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, सघं-संस्थाहरुले सम्पर्क राख्नुहुन अनुरोध गरीन्छ ।

सम्पर्क : ४१६७५७८ (बागबजार)
मोबाइल: ९८५१०८७१५६

Email : janaakash .com .np@gmail .com

# नेपालमा नयाँ सरकार, बिध्वसमा विश्व

■ मोहन कार्की



नेपालमा यतिवेला प्रतिनिधिसभा सदस्यको लागि निर्वाचन सम्पन्न भएको छ । निर्वाचनबाट सबैभन्दा बढी मत रास्वपाले ल्याएको छ । २७५ सीटको लागि भएको प्रतिस्पर्धामा झण्डै दुईतिहाई अर्थात १८२ रास्वपाले विजयी हाशिल गरेको छ । सरकार बनाउन स्पष्ट बहुमत पाएको रास्वपाले यहि १३ गते सदन हलामा प्रवेश गर्नेगरी तयारी गरेको छ । त्यसको लागि साईत समेत जुराई सकेको छ ।

चैत्र १३ गते नै वा सदनमा सपथ ग्रहण पछि रास्वपाले निर्वाचन पहिला नै प्रधानमन्त्री बालेन्द्र शाह (बालेन) अर्थमन्त्री स्वर्णिम वाग्ले घोषणा गरिसकेका व्याक्तिहरु हुनेछन् भने गृहमा डोल प्रसाद अर्याल (डिपी) हुन सक्ने आकलन गरिएको छ । क्रमश अन्य मन्त्रालयहरुमा को काहाबाट छन् » बाकी ६ पृष्ठमा

## राजनीतिक नियुक्ति खाएकाले राजीनामा दिनू : रास्वपा



**काठमाडौं–** राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले राजनीतिक नियुक्ति खाएका व्यक्ति र पदाधिकारीलाई मार्गप्रशस्त गर्न आग्रह गरेको छ ।

रास्वपाका महामन्त्री कबिन्द्र बुर्लाकोटीले नयाँ परिवेशमा नयाँ सरकार बन्न लागेकाले राजनीतिक नियुक्ति खाएकाले मार्गप्रशस्त गर्दा उपयुक्त हुने धारणा राखे ।

'सिधै नियुक्ति पाएका पदाधिकारी र व्यक्तिले नयाँ सरकार बन्दै गर्दा मार्गप्रशस्त गर्दा उपयुक्त हुन्छ । जनताले रुचाएका पनि छैनन्,' उनले भने, 'यो पार्टीले गरेको निर्णय होइन । सरकारले गर्ने कुरा हो । तर मेरिटभन्दा » बाकी ६ पृष्ठमा

## प्रहरीको 'घुमौं चितवन' कार्यक्रम सुरु

**चितवन–** जिल्ला प्रहरी कार्यालयले चितवनभित्र कार्यरत प्रहरीलाई एक ठाउँबाट अर्को ठाउँमा घुम्दै आन्तरिक पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले सञ्चालित 'घुमौं चितवन' कार्यक्रम पुनः सुरु गरेको छ । युवापुस्ता जेनजी प्रदर्शन, निर्वाचनलगायत कारणले रोकिएको उक्त कार्यक्रम पुनः सुरु गरिएको हो ।

जिल्लाका विभिन्न क्षेत्रमा कार्यरत प्रहरी एक ठाउँबाट अर्को भूगोलमा गएर त्यहाँको पर्यटकीय



गन्तव्यमा रमाउनुका साथै यसले आन्तरिक पर्यटन प्रवर्द्धन हुने विश्वास लिइएको छ । प्रहरीले तनाव व्यवस्थापन गर्ने, रचनात्मक तथा मनोरञ्जनात्मक गतिविधि सञ्चालन गर्ने, भाइचारा सम्बन्ध कायम गराउने, » बाकी ६ पृष्ठमा

## सबै मन्त्रालयले चैत १५ गतेभित्र आफ्ना योजना तथा कार्यक्रम प्रस्ताव गरिसक्नु पर्ने


**काठमाडौं–** सबै विषयगत मन्त्रालयले यही चैत १५ गतेभित्र आफ्ना योजना तथा कार्यक्रम प्रस्ताव गरिसक्नुपर्ने गरी आगामी आर्थिक वर्ष २०८३/८४ को बजेट तर्जमा कार्यतालिका (बजेट क्यालेन्डर) तयार भएको छ ।

प्रतिनिधिसभा सदस्य निर्वाचनपछि नयाँ सरकार गठन भइनसकेको अवस्थामा बजेट क्यालेन्डरअनुसार भने चैत १५ भित्र सबै मन्त्रालयले आगामी आवको बजेटमा राख्नुपर्ने योजना तथा कार्यक्रम अनिवार्य रूपमा मन्त्रालयगत बजेट सूचना प्रणाली (एलएमबिआइएस)मा राखिसक्नुपर्नेछ ।




अर्थ मन्त्रालयका प्रवक्ता टङ्कप्रसाद पाण्डेयले सबै मन्त्रालयलाई आगामी आर्थिक वर्षको बजेट सीमा (सिलिङ) उपलब्ध गराई सोहीअनुसार चैत १५ भित्र आफ्ना योजना तथा कार्यक्रम एलएमबिआइएसमा प्रविष्ट गरिसक्न भनिएको जानकारी दिए । यद्यपि नयाँ बन्न लागेको सरकारले कस्तो नीति तथा कार्यक्रमसहित बजेट ल्याउँछ भन्ने स्पष्ट नभइसकेको अवस्थामा बजेट निर्माणको प्रक्रिया अगाडि बढाउनुपरेको » बाकी ६ पृष्ठमा

## प्रधानमन्त्रीलाई उज्यालो नेपाल पार्टीले बुझायो ज्ञापन




**काठमाडौं–** उज्यालो नेपाल पार्टीले प्रधानमन्त्री सुशीला कार्कीको नेतृत्वमा मुलुक कठिन अवस्थाबाट सुरक्षित अवतरण सम्भव भएको भन्दै बधाई ज्ञापन गरेको छ ।

पार्टीका अध्यक्ष कुलमान घिसिङ नेतृत्वको प्रतिनिधिमण्डलले आज बालुवाटारमा भेट गरी प्रधानमन्त्री कार्कीको निष्ठा र प्रतिबद्धताका कारण नै शान्तिपूर्ण निर्वाचन सम्भव रहेको भन्दै बधाइ ज्ञापन गरेको हो ।

चुनाव हुनेमा धेरैतिरबाट आशंका व्यक्त भइरहेका बेला सबैलाई विश्वासमा लिएर देशैभर एकैपटक स्वच्छ र धाँधलीरहित तरिकाले निर्वाचन सम्पन्न गराउन सक्नु चानचुने सफलता नभएको भन्दै उक्त प्रतिनिधिमण्डलले सरकारको प्रशंसा गरेको थियो ।

'चुनौतीपूर्ण परिस्थितिमा पनि नेतृत्वदायी भूमिका निर्वाह गर्दै सफलतापूर्वक निर्वाचन सम्पन्न गराई मुलुकलाई राजनीतिक स्थायित्व प्रदान गर्ने गहन दायित्व पूरा गर्नभएकोमा » बाकी ६ पृष्ठमा


## नयाँ संसद् भवनमा सबै सांसदलाई बेग्लाबेग्लै 'चेम्बर'



**काठमाडौं–** सङ्घीय संसद् सचिवालय नवनिर्वाचित प्रतिनिधिसभा सदस्यको पद तथा गोपनीयताको शपथ व्यवस्थापनको तयारीमा जुटिरहेको छ ।

सोही सन्दर्भमा सचिवालयले यही चैत ५ गते सूचनामार्फत निर्वाचित सांसदहरुलाई शपथ कार्यक्रममा सहभागी हुन आह्वान गरिसकेको छ ।

यही चैत १२ गते अपराह्न २ बजे शपथ समारोहको आयोजना गरिएको छ । निर्धारित » बाकी ६ पृष्ठमा



जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP
वर्ष -१८, अंक- ३४,
२०८२ साल चैत १० गते मंगलबार
24 MARCH 2026, TUESDAY

...मान्छे कसैले पनि कर्म लियर आएको हुदैन । सिर्जना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ । मोहन कार्की

## सम्पादकीय

### आगो लगाएर खरानी बनाएको सिहदरबार र वीरेन्द्र अन्तराष्ट्रिय सम्मेलन केन्द्र छिटो बनाउ

यतिवेला जेन्जी विद्रोहको स्पीडवाट बनेको सरकार छ । केही दिनमा त्यही स्पीडवाट जनमत प्राप्त नयाँ सरकार आउदैछ । नयाँ सरकार बन्नलाई बैठक बस्नुपर्ने संसद भवन हत्तार हत्तारमा तयार गरेर सिहदरवार भित्र तयार गरिदै छ । फागुन अन्तिमतिर नै बस्नुपर्ने सदन सरेर चैत्र १३ गते पुग्दैछ । अरू जे जे कारणहरू देखाएपछि जेन्जी विद्रोहको वेला नेपाल सरकारकै मातहतमा रहेको नेपाल ट्रष्टको वानेश्वरस्थित वीरेन्द्र अन्तराष्ट्रिय सम्मेलन केन्द्र सरकार एउटा विभागवाट अर्को बिभागले भाडामा लिएर सदन चलाउदै आएको थियो । जेन्जी विद्रोहको वेला आक्रोशित भिडले २०८२ साल भदौ २४ गते आगो लगाएर खरानी बनाएका थिए । त्यसकारण त्यहा सदन बस्दैन । त्यस भवन नेपालका ईन्जिनियर डा. बाबुराम भट्टराईको डिजाईनमा मित्र राष्ट्र चीनको आर्थिक र प्राविधिक सहयोगमा बनेको भवन हो । उक्त भवन भित्र अन्तराष्ट्रियस्तरका प्रवृधिक जडान गरिएका थिए । जस्तै कुनैपनि राष्ट्रका प्रतिनिधिले आफ्नै भाषामा बोलेको आवाजलाई अर्को कुनैपनि देशको प्रतिनिधिले सुन्न चाहान्छ । त्यही देशको भाषामा टासलेशन भएर आउने साउण्ड सिस्टम देखि सदनका गतिविधिहरू लाईभ गर्न सजिलो सञ्चारमैत्री भवनको रूपमा आधुनिक भवन रूपमा विकास गरेर बनाइएको थियो ।

यतिवेला भवन जलेर कोइलाका काला कलरले भरिएको छ । प्राविधिक प्रवृधिहरू जलेका छन् । वरिपरि सवारी साधन खङरङ परेर बसेका छन् । नेपालले धेरैजति अन्तराष्ट्रिय कार्यक्रम त्यसै भवनमा गर्दै आएको थियो । त्यसको अलवा नेपालकै हायत होटल अर्थात कुनैवेलाको तारा रेजेन्जी होटल बौद्ध टुसालको होटलमा गर्दै आएको छ । त्यो पनि क्यासिनो तर्फको भाग जलेको हुनाले मेन्टेन गर्न झण्डै एक वर्ष लाग्ने बताइएको छ ।

यता सर्वोच्च अदालत पनि जलाईएको छ । सर्वोच्चको पनि अर्को नयाँ भवन सम्पनन हुन लागेको छ । सिहदरवारस्थित प्रधानमन्त्री कार्यालय रहदै आएको भवन पनि जलाईएको छ । प्रधानमन्त्री कार्यालय गृह मन्त्रालयको नयाँ भवनमा सञ्चालन हुदै आएको छ । संसद भवन नयाँमा नै सञ्चालन हुन लागेको छ । सर्वोच्च पनि अर्को सर्वोच्चकै नयाँ भवन बनिरहेको थियो । काम सम्पन्न हुन लागेको हुनाले सर्वोच्च नयाँ भवनमा सञ्चालन हुन लागेको छ । प्रधानमन्त्री कार्यालय भने गृहको आस्रयमा बस्नुपर्ने अझै बाध्यता छ । त्यसकारण भनवहरू जले जलाए भनेर निरासा मात्रै पालेर बसेर हुदैन । बनाउन सकिन्छ । बनाउनुपर्छ । छिटो बनाउनुपर्छ । जसले जलाउन उत्प्रेरित गऱ्यो उसैले त्यसैगरी बनाउन पनि तदरूकता देखाएर जलाइएको महत्वपूर्ण भवनहरू जस्ताको तस्तै अझै त्यो भन्दा पनि राम्रो बनाउन सक्नुपर्छ । अन्तराष्ट्रियस्तरमा नेपालको परिचय कतिपय यस्ता आधुनिक भवन निर्माण गरेर भवनभित्रवाट देशलाई व्यवस्थित ढंगवाट पनि हेर्ने गरिन्छ । त्यसकारण जलाइएका भवनहरू छिटो बनाउ र कार्य सम्पादन गर्ने तरिकामा चुस्तता ल्याउ ।

# नयाँ सरकारका अवसर र चुनौतीहरू



■ श्यामप्रसाद मैनाली

हालै सम्पन्न आम निर्वाचनले नयाँ सुनामी तरङ्ग सृजना गर्दै निर्वाचनको नतिजा दिइसकेको छ । यस निर्वाचनले नयाँ शक्तिका रुपमा उदय भएको राष्ट्रिय स्वतन्त्र पार्टीलाई देशको शासन सञ्चालन गर्ने जिम्मा लगाएको छ । निर्वाचनबाट जनादेश प्राप्त गर्न सफल राष्ट्रिय स्वतन्त्र पार्टी र यस दलसँग आबद्ध भई निर्वाचनमा मतदाताहरूले बोकाएको यो ठूलो ओजनको जिम्मेवारी एवं अवसर नयाँ सरकारले इमानदारितापूर्वक नतिजामा देखिने गरी निर्वाह गर्नँपर्ने अवस्था छ ।

प्रश्न यो ठूलो वजन राष्ट्रिय स्वतन्त्र पार्टीको सरकारले उठाउन सक्ने हो वा होइन ? अहिले राजनीतिक बजारमा यही चर्चा छ । नेपाली जनताले पञ्चायती शासनसँग दिक्क भएर ४६ सालमा बहुदलीय प्रणाली रोज्न पुगे । राजनीतिक स्वतन्त्रताको प्राप्तिसँगै आर्थिक समृद्धिको अपेक्षा जनतामा थियो । तर नतिजाले निराश बनायो । २०६२/०६३ सालमा पुनः अर्को आन्दोलन भयो, यद्यपि यो आन्दोलन १२ बुँदे समझदारीको पृष्ठभूमिमा अघि बढेको थियो । तथापि यो आन्दोलनले नेपालको शासकीय प्रणालीमा ठूलो परिवर्तन ल्याउन सकेको थियो । तत्पश्चात् पनि बेरोजगारीको समस्या समाधान दिनेतर्फ प्रयास भएन ।

आर्थिक समृद्धिको मुद्दालाई पटक-पटक सरकारमा बस्नेहरूले प्राथमिकतामा राख्नै चाहेनन् । उनीहरु सत्तालिप्सामा मुग्ध हुँदै गए । जे-जस्ता समझदारी गरेर पनि सत्तामा रहनुपर्ने, सार्वजनिक सेवा प्रवाहलगायत सुशासन प्रदान गर्नेतर्फ खासै महत्त्व नदिने प्रवृत्ति सरकारमा रहनेहरूमा देखिँदै गयो । जनताको शक्तिलाई निर्वाचनको समयमा मात्र अस्वस्थ प्रतिस्पर्धा गर्दाको अवस्थामा स्मरण गर्ने प्रवृत्तिले बढोत्तरी पाउँदै गयो ।

लामो समयसम्म एउटै व्यक्ति पटक-पटक सरकारमा पुग्ने, देशको अवस्था दिनानुदिन बिग्रँदै जाने, जनताले दुःख पाउँदै जाने, राष्ट्रलाई ऋण थपिँदै जाने विकराल अवस्थाको उपस्थितिले निरन्तरता पाउँदै गयो । यसबाट विशेष गरी युवावर्ग अत्यन्त शासनसत्ताप्रति आक्रोशित बन्न पुगे । त्यही आक्रोशको पराकाष्ठामा नागरिकहरू पुगिरहेको अवस्थामा सरकारले विशेष गरी रोजगारविहीन युवाहरूको जीवनरेखाका रूपमा रहेको सामाजिक सञ्जालमाथि प्रतिबन्ध लगायो । यसैबाट देशको शासनसत्ता उथलपुथल भयो । यसबाट निस्केका परिणामहरू सम्पूर्ण नेपाली नागरिकलाई जगजाहेर नै छ ।

नयाँ सरकारका चुनौतीहरू :

सरकारप्रति आम नागरिकको वितृष्णा देखिएकै अवस्थामा जेनजी आन्दोलनले नयाँ सरकार गठन गरी निर्वाचनको तिथिमिति तोक्ने परिस्थिति निर्माण गर्ने काम गरेको थियो । सोही मितिमा निर्वाचन सम्पन्न भई नयाँ जनादेश प्राप्त भएको छ । राष्ट्रिय स्वतन्त्र पार्टी सरकारमा जाँदै गर्दा यसका लागि चुनौतीहरूको सामना गर्नँपर्ने अवस्थाका साथै उनीहरूका लागि अवसरहरु पनि अत्यन्तै ज्यादा देखिएका छन् । यो सरकारका लागि यस्ता चुनौतीहरू के-के हुन सक्छन् ? ती चुनौतीहरूको सामना गर्दै अघि बढ्दा अवसरहरु के-कस्ता देखिएका छन् ? यसैका बारेमा विश्लेषण गर्नँ सान्दर्भिक हुनेछ ।

यो निर्वाचन यसअघिका आम निर्वाचनहरूभन्दा धेरै प्रकारले पृथक छ । सामान्य अवस्थामा देश निर्वाचनमा गएको होइन । थुप्रै नेपाली सपुतहरुले आफूलाई बलिवेदीमा चढाएपश्चात् निर्वाचनमा जाने बाध्यात्मक परिस्थिति बनेको हो । अन्य निर्वाचनले निर्वाह गरेको जिम्मेवारीभन्दा अहिलेको निर्वाचनबाट जनताको विश्वास प्राप्त गर्दै सरकारमा पुग्नेहरूले यसअघिका पुराना परम्परागत दलका रूपमा सम्बोधन गरिनेहरूबाट भएका कमी-कमजोरीहरुलाई सुधार गर्नँपर्ने दायित्व अबको सरकारमा रहेको छ ।

निर्वाचनको परिणामले २०१५ सालमा नेपाली कांग्रेसले प्राप्त गरेको मत प्रतिशतलाई पनि पछि पारेको छ । सरकारमा जाने राजनीतिक दलको संगठन मजबुत देखिँदैन । राजनीतिको अनुभव अत्यन्त कम भएका युवाहरूको बाहुल्यता छ । अन्यत्र दलहरूमा केही समय बिताई उक्त दलहरुमा आफ्नो राजनीतिक भविष्य नदेखी सडकमा उदाउन पुगेकाहरूको बाहुल्यता यस दलमा देखिँदै छ ।

विभिन्न प्रकारका अपराधजन्य क्रियाकलापमा विवादित व्यक्तित्वहरुले पनि जनताको विश्वास जित्न सफल भएका छन् । राजनीतिभन्दा भिन्न विधाबाट जोडिन पुगेकाहरूको अत्यधिक बाहुल्यता यस दलमा देखिएको छ । त्यस्तै पात्रहरू निर्वाचनबाट चुनिएर आएका छन् ।

नेपालमा मात्र नभएर विश्वका केही देशमा पनि युवाहरूले आन्दोलन गरेका थिए । आन्दोलन सफल भएको छ । सफलतापश्चात् सरकारमा पुगेका छन् । सरकार सञ्चालन गर्दा असफल भएका उदाहरणहरु हामी ग्वाटेमालालगायतका देशहरुमा देख्न सक्छौं । जेनजीहरूकै आन्दोलनले मित्रराष्ट्र बंगलादेशमा शेख हसिना बाजेदलाई सत्ताच्युत गरेको थियो ।

तत्पश्चात् भएको नागरिक सरकारले गराएको आम निर्वाचनमा जेनजी आन्दोलनको सफलतापूर्वक नेतृत्व गरी सामाजिक सञ्जालमा अत्यन्त ज्यादा प्रख्याती कमाएकाहरु अस्तित्वमा आउन कठिन परेको ताजा उदाहरण लिँदै गर्दा नेपालमा त्यसको ठीक विपरीत नतिजा निर्वाचनले दिएको छ । जेनजी आन्दोलनको क्रममा घटेका घटनाहरूको छानबिन गर्न गठित कार्की आयोगले आफ्नो प्रतिवेदन सरकारसमक्ष बुझाएको छ । उक्त प्रतिवेदनलाई यसअघिका सरकारहरुले जस्तो निष्क्रिय नराखी दोषीउपर कारबाही गर्नै पर्ने बाध्यता यस सरकारलाई छ ।

आन्दोलनका क्रममा आन्दोलनकारी युवाहरूले राखेका मागहरू अत्यन्त जायज छन् । ती मागहरू सबै पूरा गर्नँपर्ने अहम् दायित्व यसै सरकारमा छ । ताजा जनादेश प्राप्त गरेको सरकारले अहिलेको विशिष्ट परिस्थितिमा जनताका आकांक्षाहरुलाई सम्बोधन गर्नँपर्ने प्रतिबद्धताका साथ यसको परिणाम नेपाली नागरिकहरूले प्रस्ट बुझ्ने गरी दिन सक्नुपर्दछ । त्यसमा लामो समयदेखि व्याप्त रहेको कुशासनको अवस्था र भ्रष्टाचारजन्य क्रियाकलापहरूको अभ्यस्ततालाई अब यो सरकारले चिर्न सक्नुपर्दछ ।

यो जिम्मेवारी अत्यन्त जटिल छ ।

गत भाद्र २३ गते आफ्नो आन्दोलनमा अन्य कुतत्वहरूको घुसपेठ भएको जानकारी यथासमयमा आन्दोलनकारीहरूले पाएका थिए । आन्दोलन उनीहरूको नियन्त्रणभन्दा बाहिर गएको घोषणा गर्दै आन्दोलन समाप्त भएकोले सबै आन्दोलनकारीहरूलाई घर फर्किन अनुरोध गरेका थिए । तत्पश्चात्को अवस्थामा युवाहरुले सहादत प्राप्त गरेका छन् । भोलिपल्ट २४ गते अत्यन्त ठूलो हानि-नोक्सानी राष्ट्रिय सम्पत्ति र नागरिकहरूको जीउ-ज्यान जाने गरी भएको छ ।

यो आन्दोलनमा अदृश्य शक्तिको हात रहेको आशंका भइराखेको थियो । त्यो आशंका आजका दिनहरुमा पनि यथावत् छ । टिबेटियन ओरिजिनल ब्लड नाम गरेको गन्जी लगाएका, अन्तर्राष्ट्रिय गैरसरकारी संस्थासँग आबद्धता दिएका समूहले आन्दोलन आफ्नो नियन्त्रणमा लिएको, दुरुपयोग गरेको र उनीहरूसँग छिपेका एजेन्डाहरू रहेका आशंकासमेत हुँदै आएको छ । यो शङ्काको निवारण नयाँ सरकारको कार्यशैलीले मात्र गर्न सक्छ ।

कार्की आयोगले यी विषयलगायत हिमाल खबर पत्रिकाले तथ्य र प्रमाणसहित यो हानि-नोक्सानीमा संलग्न भएकाहरूको नामसहित सार्वजनिक गरी उनीहरू नै दोषी रहेको दाबी गरिरहेको अवस्था छ । यो खोजपूर्ण प्रतिवेदनलाई हिमाल खबर पत्रिकाको टिमले कार्की आयोगसमक्ष पुऱ्याएको जानकारी प्राप्त भएको छ । । यसको सत्यतथ्यमा आयोग प्रवेश गरेको छ वा छैन ? यसको छानबिनसमेत सरकारले गराउनुपर्दछ । दोषीहरू सबैलाई कडा कारबाही गर्ने र यी कार्यहरू तथ्य र प्रमाणले पुस्ट्याइँ गरेको हुनुपर्ने अवस्था छ । कानुनसम्मत कारबाही गर्नँपर्दछ ।

देशमा लोकतन्त्रको अत्यन्त ज्यादा दुरुपयोग भइराखेको छ । स-सानो आपराधिक प्रवृत्तिका झुन्डहरुले पनि सहजै शान्ति सुरक्षाको अवस्थामा प्रश्नचिह्न खडा गर्ने अवस्था बनेको छ । सुरक्षा निकायका जिम्मेवार पदाधिकारीहरुको मनोबल उच्च छैन । भोलिका दिनहरूमा राष्ट्रको सम्पत्ति र नागरिकहरूको धनजनको सुरक्षाको प्रत्याभूति गर्ने अहम् जिम्मेवारी पनि अत्यन्त ठूलो महत्त्वको देखिएको छ । निर्वाचनको समयमा आश्चर्य लाग्दो लहर उत्पन्न भएको थियो ।

केही मतदाताहरूलाई कुन उम्मेदवारलाई मत दिएको भन्ने समेत थाहा नभएको अवस्था देखिन्थ्यो । उनीहरुमध्ये धेरैलाई घन्टी चिह्न र बालेनको नाम थाहा थियो । बालेनको नेतृत्वलाई विश्वास गर्दै देशका दुई तिहाइ मतदाताहरुले मतदान गरेका थिए । यस्तो मतदाताहरूको विश्वासको जगमा बनेको सरकारलाई कुनै गल्ती गर्ने छुट हुनुहुँदैन । मत दिने व्यक्तिहरुले नयाँ सरकारका क्रियाकलापहरुलाई नजिकबाट नियालिराखेका छन्, यसमा खरो उत्रन सक्नुपर्दछ । नेपोकिट्सहरूको विलासी जीवनको ठूलै आलोचना युवाहरूले गर्दै आएका छन् ।

विलासी जीवन बिताएर बस्ने मुठीभर व्यक्तिहरूले देशको सम्पूर्ण स्रोत-साधनमा पकड जमाई दुरुपयोग गर्ने जुन प्रवृत्ति छ, त्यसमा सुधार हुनुपर्ने अत्यन्त जायज माग र चाहना युवाहरुले गरेका छन् ।

राष्ट्रिय स्वतन्त्र पार्टीको सरकारलाई सबैभन्दा ठूलो चुनौती आफैँभित्र छ । विभिन्न राष्ट्रिय चासोका विषयहरुमा जिम्मेवार नेताहरूका पृथक प्रकारका अभिव्यक्तिहरू आएका छन् । उदाहरणका लागि संघीयताका सन्दर्भमा पार्टी सभापति, उपसभापति र वरिष्ठ नेताको भनाइ पृथक छ ।

यस्ता दलका एजेन्डाका विषयमा पार्टीभित्र मत-एकता कायम गरी अघि बढ्नुपर्ने अवस्था यस दलमा देखिँदै छ । जनतासमक्ष निर्वाचनका समयमा पेस गरिएका प्रतिज्ञापत्रहरूको कार्यान्वयनमा खरो उत्रिनुपर्दछ । यसमा विविध प्रकारका प्रतिज्ञाहरु भएका छन् । राष्ट्रको स्रोत-साधनले, विज्ञताले, प्रविधिले के-कति यी मागहरु पूरा गर्न सकिने हुन् ? यो प्रश्न जीवन्त छ । यी प्रतिज्ञाअनुसार दलले गरेका बाचाहरू पूरा गर्न शीघ्र दलभित्र सम्बन्धित क्षेत्रका विज्ञहरुसहित रहेको यसलाई अनुगमन, मूल्याङ्कन गर्ने र सरकारमा रहेकाहरूलाई निर्देशन गर्ने, प्राप्त परिणामको पुनरवलोन गर्ने एउटा विज्ञ समूहको गठन हुनु जरुरी छ ।

अन्यथा यी प्रक्रिया पूरा हुनेछैनन् । मतदाताहरुले शीघ्र नयाँ सरकारप्रति प्रश्न गर्ने अवसर प्राप्त गर्ने अवस्था बन्नेछ । मतदातासमक्ष गरिएका बाचाहरूमध्ये केही शीघ्र कार्यान्वयनमा जान सकिने प्रकृतिका पनि छन् । यसका लागि सरकारमा रहनेहरू र राष्ट्रिय स्वतन्त्र पार्टीसँग इच्छाशक्ति हुनु जरुरी छ । कतिपय प्रतिज्ञाहरू अमूर्त देखिन्छन् । यसलाई कार्यक्रम र योजनासहित निश्चित समयसीमाभित्र कसरी कार्यान्वयनमा जान सकिने हो ? त्यो ढाँचा तयार पारी जनतासमक्ष प्रस्तुत हुनुपर्दछ ।

नयाँ सरकारलाई थुप्रै प्रकारका अवसरहरु पनि छन् । यसअघिका सरकारहरूले राम्रा कामहरू नगरिदिएकाले असल कामको अपेक्षा मतदाताहरूले गरिराखेका छन् । यस अवस्थामा केही कदमहरु शीघ्र अघि बढाउनुपर्ने हुन्छ । सरकारमा रहनेहरूउपर कडा निगरानी दलले पनि राख्नुपर्दछ । प्रधानमन्त्री आफैँ उदाहरण बनेर प्रस्तुत हुन सक्नुपर्दछ । भ्रष्टाचारका विरुद्धमा शून्य सहनशीलताको लामो समयदेखि लागिराखेको नारालाई सहजै मूर्तरूप दिन सकिन्छ ।

त्यसका लागि प्रधानमन्त्रीले आफू भ्रष्टाचार नगर्ने दृढता व्यक्त गर्दै व्यवहारमा प्रस्तुत हुनुपर्दछ । यो बालेनजीबाट सम्भव छ । किनकि काठमाडौँ महानगरपालिकाको प्रमुखका रूपमा रहँदा उनी भ्रष्टाचारमा संलग्न भएको आभास पाइएन । ठूला-ठूला नीतिगत निर्णय लिँदा भ्रष्टाचार हुने गर्दछ । यसमा कडा निगरानी आफ्ना मन्त्रीहरूउपर प्रधानमन्त्रीको हुनुपर्दछ । प्रधानमन्त्रीले यो प्रयोजनको लागि आफ्नो सहयोगी टिम बनाउन सक्नुहुन्छ ।

भ्रष्टाचारमा लिप्त भएमा शीघ्र कारबाही गरिनुपर्दछ । त्यसको प्रारम्भ मन्त्रिपरिषद्का सदस्यहरूबाटै हुनु जरुरी हुन्छ । भ्रष्टाचार नियन्त्रणका लागि निकै ठूलो परिश्रम सरकारले गर्नँ जरुरी हुन्छ । यसका लागि पहिले भएका भ्रष्टाचारका फाइलहरूको उजागर गरी विनाकुनै पूर्वाग्रह कडा कारबाही गर्ने थालनी शीघ्र हुनुपर्दछ । यसरी कारबाहीको प्रारम्भ गर्दा आफ्नै दलभित्र कोही देखिएमा कारबाहीको श्रीगणेश त्यहीँबाट हुनु उपयुक्त हुन्छ । यसो हुन सकेमा भ्रष्टाचारको मात्रा स्वतः घट्छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई सशक्त, सक्षम र सुदृढ बनाउनु जरुरी हुन्छ । यसका लागि संवैधानिक परिषद्को संरचनामा संविधान संशोधन गरेर परिवर्तन गर्नँ अत्यावश्यक हुन्छ । सानो आकारको मन्त्रिमण्डल गठन हुनुपर्दछ । १८ वटाभन्दा बढी मन्त्रालय नराख्ने उद्घोष दलले गरिसकेको छ । मन्त्रालयको संख्या घटाउन सकिन्छ । यस्ता मन्त्रालयमा प्रतिज्ञापत्रमै उल्लेख भएअनुसारकै उपलब्ध भएसम्म सम्बन्धित क्षेत्रका विज्ञहरूलाई नै जिम्मेवारी दिनु उपयुक्त हुन्छ ।

न्याय क्षेत्रमा धेरै सुधार गर्नँपर्ने अवस्था छ । न्याय सम्पादन प्रणालीमा अल्प अवधिमै उल्लेख्य सुधार गर्न सक्ने गुन्जायस देखिन्छ । न्याय सेवामा सबभन्दा अप्रिय पक्ष भनेकै राजनीतीकरण हाबी हुनु हो । न्याय सम्पादनको गुणस्तरको बारेमा अदालतका प्राङ्गणहरूमै तथ्यमा आधारित भएर अत्यन्त नकारात्मक टीका-टिप्पणीहरू हरेक दिन हुने गरेका छन् । न्यायको याचना गर्दै अदालतको ढोका घचघच्याउन पुगेको एक पीडित नागरिक न्याय प्राप्त गर्ने अवस्थामा न्यायमूर्तिको रुपमा जब राजनीतिक दलका कार्यकर्ताहरुसँग जम्काभेट गर्न पुग्छ, त्यही विन्दुमा ऊ राज्य संयन्त्रप्रति आक्रोशित हुन्छ ।

समग्र न्याय सेवाप्रतिको श्रद्धाभावमा प्रश्नचिह्न खडा गर्दै सरकारको विरोधमा उत्रिन पुग्छ । यस्तै परिस्थितिका कारण जेनजी आन्दोलनको सामना गर्नँपरेको हो । अदालतका विकृति-विसंगतिहरू राजनीतिक दलका कार्यकर्ताहरूलाई न्यायाधीशमा नियुक्ति गर्नेमा मात्र सीमित छैन, न्यायाधीशको नियुक्तिका लागि लिएको प्रतिस्पर्धात्मक परीक्षामा असफल हुनेहरुलाई छानी-छानी त्योभन्दा उच्च तहको अदालतमा न्यायाधीशको जिम्मेवारीमा पुऱ्याउने काम भएका छन् ।

सक्षम न्यायाधीशहरू जिल्ला अदालतमा रहने र प्रतिस्पर्धामा असफल भएका योग्यता प्रणालीका हिसाबले कमजोर देखिएकाहरु उच्च र सर्वोच्च अदालतमा पुग्ने जुन परिपाटी न्याय सेवामा बसेको छ, यसलाई शीघ्र नयाँ सरकारले सम्बोधन गर्न सक्नुपर्दछ । राष्ट्रिय स्वतन्त्र पार्टीले आफ्नो प्रतिज्ञापत्रमा योग्यता प्रणालीका आधारमा न्यायमा सुधार गर्ने दृढता व्यक्त गर्नँ स्वागतयोग्य छ । यसलाई कडाइका साथ कार्यान्वयनमा ल्याउनु जरुरी छ ।

**निष्कर्ष :**

नयाँ सरकारलाई अत्यन्त ठूला-ठूला अवसरहरू प्राप्त छन् । स-साना सुधारहरु गर्दा पनि नागरिकबाट सहजै समर्थन प्राप्त हुन्छ । नीतिगत सन्दर्भ र आफ्ना नेताहरूको क्षमताका बारेमा सूक्ष्म मूल्याङ्कन जरुरी हुन्छ । सोही अनुरुप राज्यमा शासन सञ्चालनको व्यवस्थापन हुनुपर्दछ । देशमा स्रोत-साधन, प्रविधि, सीप र विज्ञताको पर्याप्तता छैन । यसलाई नागरिकले राम्ररी आत्मसात् गरेका छन् ।

भएका स्रोत-साधनको सदुपयोगबाट इमानदारिताका साथ सेवा प्रवाह हुँदा नागरिकहरू सन्तुष्ट हुन्छन् । अहिलेको निर्वाचनको परिणाम नयाँ दलप्रतिको आकर्षणभन्दा पनि ज्यादा पुराना दलहरूप्रतिको विकर्षण हो । जनताका प्रतिनिधिका नाममा जनप्रिय काम गरी सुशासनका दिशामा अघि बढ्न नसक्ने आफ्नै प्रतिनिधिहरूको अनुहार हेर्दाहेर्दै दिक्क भएका मतदाताहरूले राष्ट्रिय स्वतन्त्र पार्टीलाई ठूलो विश्वास र भरोसा गर्न पुगेका हुन् ।

दुई तिहाइको सरकारले प्रतिपक्षका उपयुक्त सुझावहरूलाई ग्रहण गर्नँपर्दछ । तर अनावश्यकरुपमा समझदारी कुनै पनि शक्तिसँग गर्नँपर्ने अवस्था छैन । प्रधानमन्त्री बन्न लागेका बालेनका पक्षमा जुन जनलहर देखिएको छ, यसले प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुखको आभास दिलाएको छ । यो अवसरको सदुपयोग गरौं, अन्यथा इतिहासले माफी गर्नेछैन । उम्मेदवारसम्म नचिनी बालेन र घन्टी चिह्न मात्र थाहा पाउने मतदाताहरूले भावी बालेन सरकारलाई दिएको यो विश्वासको कदर होस् । मतदाताहरूको आक्रोशको सामना गर्नँपर्ने अवस्था आमन्त्रण नगरियोस् । यसतर्फ नयाँ सरकारको ध्यान जानु अत्यावश्यक छ ।

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP



# विदेशमा रहेका नेपालीलाई सीआईएले कब्जा गरेर घण्टीमा भोट हाल्न लगायो : चित्रबहादुर केसी

काठमाडौं- राष्ट्रिय जनमोर्चा नेपालका अध्यक्ष चित्रबहादुर केसीले विदेशमा रहेका नेपालीलाई अमेरिकी जासुसी संस्था सीआईएले कब्जामा लिएर घण्टीमा भोट हाल्न लगाएको दाबी गरेका छन् । सोमबार एक पत्रकार सम्मेलनमा भन्दा पनि लाजमर्दो कुरा भन्दै अध्यक्ष केसीले विदेशमा रहेका नेपाली सीआईएको कब्जामा रहेको दाबी गरेका हुन् ।



'कतिसम्म लाजमर्दो भने विदेशमा जहाँजहाँ जागिर खान गएका छन्, पढ्न गएका विद्यार्थी छन्, ति सबलाई सीआईएले कब्जा गरेको छ,' केसीले भने, 'उनीहरू आफ्ना आमाबाबु अभिभावकलाई घण्टीमा है भोट घण्टीमा, हैन भने म घर आउँदैन । यस्तो देश हुँदाखेरी पनि हामी चिन्तित हुने कि नहुने ।' अहिले सिंहदरबार र सर्वोच्च जलाउनेहरू ठुलो संख्यामा आएको बताउँदै अध्यक्ष केसीले सधैं जनताले सही निर्णय नदिने टिप्पणी गरे । 'सिंहदरबार डढाल्नेहरू, सर्वोच्च अदालत डढाल्नेहरू, संसद् डढाल्नेहरू अहिले त ठुलो संख्यामा आए त । जनताले सधैं सही फैसला गर्छन् भन्ने कुरा होइन,' उनले भने ।

जनतालाई यो अवस्थामा लैजाने कम्युनिस्ट नाम गरेकै शक्तिले रहेको अध्यक्ष केसीले बताए । उनले भने, 'तपाईंहरूले मलाई संसद् मा सुन्नुभएकै छ । कि तिमीहरू सच्चियो, कि सक्किन तयार होऔं भन्ने कुरा भनेकै थिएँ ।'

नेपालको स्थितिलाई लिएर सबै दलका नेतासँग बसेर छलफल गर्ने उनले बताए । 'मुलुक त गयो त, चीनको विरुद्ध लड्न नै अमेरिकाले यो खेल खेलेको हो,' अध्यक्ष केसीले भने । यो कांग्रेस, एमाले, माओवादीले भ्रष्टाचार गरेको र जनताले सुख नपाएर नभएको उनले दाबी गरे ।

'उसले दलाई लामालाई पुनर्स्थापित गर्नकै लागि यो खेल खेलेको हो,' केसीले भने । अहिले प्रत्यक्ष कार्यकारीको कुरा आएको बताउँदै केसीले अगाडि भने, 'प्रत्यक्ष कार्यकारी होइनन् ट्रम्प । अमेरिका जस्तो लामो प्रजातान्त्रिक संस्कार भएको देशले ट्रम्पजस्तालाई चुन्छन् । जनताले सधैं सही फैसला दिन्छन् भन्ने त हुँदो रहेनछ ।'

## रामेछाप डायरी

# रामेछापमा 'भूतपूर्व सैनिक सम्मेलन' हुँदै



रामेछाप- नेपाली सेनाले रामेछापमा 'भूतपूर्व सैनिक सम्मेलन' गर्ने भएको छ । त्यसको लागि आवश्यक तयारीको काम समेत सेनाले अगाडि बढाएको जनाएको छ ।

नेपाली सेनाको व्यवस्थापन तथा नेपली सेना कल्याणकारी बोर्डको संयोजकत्वमा 'भूतपूर्व सैनिक सम्मेलन २०८२' गर्न लागिएको खड्गदल गण रामेछाप व्यारेकले जनाएको छ । सम्मेलन आगामी २०८३ वैशाख ४ गते हुने तयारी रहेको जानकारी गराइएको छ । सैनिक सम्मेलनमा भाग लिनको लागि यही चैत्र ०१ गतेदेखि आगामी वैशाख ०१ गते सम्म अनलाईनबाट फारम भरेर समेत आफ्नो सिट/सहभागीता सुरक्षित गर्न सकिने बताइएको छ ।

सम्मेलनमा बहालवाला तथा भूतपूर्व सैनिकका असक्त आश्रितहरुलाई ह्वील चियर वितरण गर्ने देखि सर्वोत्कृष्ट लघुवित्त व्यवसायीहरुलाई पुरस्कृत गर्ने लगाएका कार्यक्रम तयारी गरिएको बताइएको छ ।

# २४औं स्वर्ण जयन्ती छात्रवृत्ति दिवस सम्पन्न




**काठमाडौं–** काठमाडौंस्थित भारतीय राजदूतावासले २४औं स्वर्ण जयन्ती छात्रवृत्ति दिवस एक विशेष समारोहका बिच मनाएको छ । दूतावास आयोजित उक्त कार्यक्रममा शैक्षिक सत्र २०२५-२६ का लागि छनोट भएका २०० नेपाली विद्यार्थीहरूको सहभागिता रहेको थियो ।

सन् २००२ मा भारत र नेपालबिचको आर्थिक सहयोगको ५० वर्ष पुगेको अवसरमा स्थापना गरिएको यो छात्रवृत्ति योजना अन्तर्गत हालसम्म नेपालका ७७ वटै जिल्लाका विद्यार्थी लाभान्वित भइसकेका छन् । समारोहमा नेपालका विभिन्न विश्वविद्यालयका उपकुलपतिहरूको बाक्लो उपस्थिति रहेको थियो ।

काठमाडौं विश्वविद्यालयका उपकुलपति डा. अच्युत वाग्ले, राजर्षि जनक विश्वविद्यालयका डा. अमर प्रसाद यादव, पूर्वाञ्चल विश्वविद्यालयका डा. बिजु कुमार थापलिया, मध्य-पश्चिमाञ्चल विश्वविद्यालयका डा. ध्रुव कुमार गौतम, बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानका डा. विक्रम प्रसाद श्रेष्ठ, लुम्बिनी प्राविधिक विश्वविद्यालयका डा. विनोद प्रसाद ढकाल र पोखरा विश्वविद्यालयका प्रा. बेदराज केसी लगायतको उपस्थिति थियो । कार्यक्रममा विभिन्न शैक्षिक संस्थाका डिन, रजिस्ट्रार र प्रतिष्ठित विद्यालयका प्रधानाध्यापकहरू समेत सहभागी थिए । भारतीय राजदूत नवीन श्रीवास्तवले मेधावी विद्यार्थीहरूलाई एम्बेसडर गोल्ड जुबली स्कलरशिप रोल अफ अनर प्रदान गर्दै बधाई दिएका थिए । सो अवसरमा राजदूत श्रीवास्तवले भारत-नेपाल स्टार्टअप पार्टनरसिप नेटवर्क (इन-स्पान) जस्ता नयाँ पहलहरूबारे जानकारी दिए । यस नेटवर्कले दुवै देशका युवा उद्यमीहरूलाई एकै ठाउँमा ल्याउने, सहकार्य बढाउने र नवप्रवर्तनको संस्कृति विकास गर्ने लक्ष्य राखेको छ । यस वर्षको छात्रवृत्ति प्राप्त गर्नेहरूमा नेपालका ७५ जिल्लाका विद्यार्थी समेटिएका छन्, जसमा ४० प्रतिशत छात्राहरू र अपाङ्गता भएका विद्यार्थीहरू समेत रहेका छन् ।

भारत सरकारले वार्षिक रूपमा करिब १,५०० नेपाली विद्यार्थीलाई इन्जिनियरिङ, चिकित्सा, व्यवस्थापन, नर्सिङ, आयुर्वेद, योगदेखि नृत्य र नाटकसम्मका विभिन्न विषयमा छात्रवृत्ति प्रदान गर्दै आएको छ । सन् २००१ देखि यता ४०,००० भन्दा बढी नेपाली विद्यार्थीले भारत सरकारका विभिन्न छात्रवृत्ति योजनाबाट लाभ उठाउन सफल भएका छन् ।

# बागमतीका १३ जिल्लामा 'एक जिल्ला एक स्वस्थ शहर' निर्माण गरिने

**भक्तपुर–** बागमती प्रदेश स्वास्थ्य मन्त्रालयले प्रदेशका १३ वटै जिल्लालाई 'एक जिल्ला एक स्वस्थ शहर' घोषणा गर्ने तयारी गरिएको छ ।




बागमती प्रदेशका स्वास्थ्यमन्त्री किरण थापामगरले स्वास्थ्य मन्त्रालयले प्रत्येक जिल्लाको एउटा शहर वा पालिकालाई स्वस्थ्य शहर बनाएर घोषणा गर्नेगरी अभियान सञ्चालन गरेको जानकारी दिए ।

यसका लागि प्रदेशका १३ वटै जिल्लाका जनस्वास्थ्य कार्यालय प्रमुख, जिल्ला अस्पतालका प्रमुख एवं प्रतिनिधिलगायत सरोकार भएका निकायलाई स्वस्थ, सुरक्षित र दिगो शहर निर्माणका लागि आवश्यक कार्ययोजना तयार गर्ने विषयमा छलफल तथा अभिमुखीकरणसमेत सम्पन्न गरिसकेको उनले जानकारी दिए । अभिमुखीकरण अनुसार आवश्यक तयारी थाल्न उनले सरोकार भएका सबैलाई निर्देशन दिए ।

प्रदेशका प्रत्येक जिल्लामा स्वास्थ्यमैत्री वातावरण निर्माण गर्ने, स्वास्थ्यका अत्यावश्यक पूर्वाधार पुऱ्याउने, जिल्लाका नागरिकको स्वास्थ्य, सरसफाइ तथा जीवनस्तर अभिवृद्धि गर्ने, सहज स्वास्थ्य सेवाको पहुँच पुऱ्याउने गरी 'एक जिल्ला एक स्वस्थ शहर' निर्माण अभियानलाई अगाडि बढाउने निर्णय गरिएको मन्त्री थापामगरले बताए ।

प्रदेश स्वास्थ्य मन्त्रालय सचिव सुमित्रा गौतमले स्वास्थ्य क्षेत्रको प्रभावकारी कार्यान्वयन, उपलब्धि मूल्याङ्कन तथा सुधारका अवसरको पहिचान गरी प्रत्येक जिल्लालाई स्वस्थ्य शहर निर्माण गरी स्वस्थ्य नागरिक बनाउने उद्देश्यले अभियान सञ्चालन गर्न लागिएको बताइन् ।

उनले बागमतीलाई स्वास्थ्य क्षेत्रमा नमुना प्रदेश बनाउने लक्ष्यका साथ स्वास्थ्य क्षेत्रलाई व्यवहारिक, दिगो र परिणाममुखी बनाउनेगरी योजना तर्जमा गरिएको जानकारी दिइन् । प्रदेशका १३ वटै जिल्लामा स्वास्थ्य सेवामा गुणस्तरीय बनाउने, पहुँच विस्तार, जनचेतना वृद्धि तथा प्रविधिको प्रभावकारी प्रयोग गर्दै प्राथमिकताका क्षेत्र निर्धारण गरी प्रदेशको समग्र स्वास्थ्य प्रणाली सुदृढीकरण गर्ने लक्ष्य लिइएको उनको भनाइ छ ।

प्रत्येक नागरिकले उपचार आफ्नै जिल्लाका अस्पतालमा सहज रूपमा पाउने गरी व्यवस्था गर्दै अस्पताललाई उपकरण, प्रविधिमैत्री बनाउने गरी व्यवस्थापनको तयारी थालिएको स्वास्थ्य सचिव गौतमले जानकारी दिइन् । स्वस्थ्य शहर, स्वस्थ्य नागरिकका लागि प्रदेश स्वास्थ्य मन्त्रालयले अभियान सञ्चालन गर्नेगरी प्रत्येक जिल्लामा तयारी गरिएको उनले बताइन् ।

# बेमौसमी वर्षाका कारण नौ करोड बराबरको काचो इटामा क्षति

**नेपालगञ्ज–** दुई दिनसम्म परेको बेमौसमी वर्षाले करिब नौ करोड बराबरको काँचो इँटामा क्षति पुगेको छ ।

इँटा व्यवसायीका अनुसार पोल्नका लागि तयारी अवस्थामा राखिएको ठूलो परिमाणको काँचो इँटा वर्षाले नष्ट भएपछि व्यवसायीलाई रु आठ करोड ७५ लाख बराबरको क्षति भएको इँटा उद्योग व्यवसायी सङ्घ लुम्बिनी प्रदेशका उपाध्यक्ष तथा बाँकेको पिबिसी इँटा उद्योगका सञ्चालक दीपक अधिकारीले जानकारी दिनुभयो । उहाँले बेमौसमी वर्षाले एउटा उद्योगमा मात्र करिब पाँच लाख काँचो इँटा नष्ट भएको उल्लेख गरे ।

व्यवसायी अधिकारीले जिल्लामा रहेका ७० वटा इँटा उद्योगमा तीन करोड ५० लाख काँचो इँटा नष्ट भएकाले रु आठ करोड ७५ लाख बराबरको क्षति भएको बताए ।

एउटा काँचो इँटाको मूल्य रु २.५० पैसा पर्ने अधिकारीले बताए ।

व्यवसायीका अनुसार खुलाचौरमा भर्खरै तयार पारेर सुक्नका लागि राखिएका अधिकांश इँटा पानीले भिजेर माटोमा परिणत भएका छन् ।



कर्णालीमा हिमपात भएसँगै बाँकेमा भएको वर्षाले यहाँका व्यवसायीले ठूलो क्षति बेहोर्नं परेको बाँकेका व्यवसायीहरुको भनाइ छ ।

इँटा उद्योग व्यवसायी सङ्घ बाँकेका अध्यक्ष देवबहादुर केसीले हरेक वर्ष बेमौसमी वर्षाको चपेटामा परेर जिल्लाका उद्योगीले ठूलो क्षति बेहोर्नं परेको बताए ।

उनले सरकारले काँचो इँटाको बिमा पनि नगर्ने र क्षतिपूर्ति पनि नदिने हुँदा व्यवसायीलाई ठूलो मर्का परेको उल्लेख गरे । रासस

# मार्ग खुलेको १८ वर्षपछि सडक स्तरोन्नति

म्याग्दी- बेनी नगरपालिका-२ को बगरफाँट-कोप्रे हुँदै वडा नम्बर ३ को दूधेखोला जोड्ने सडक मार्ग खुलेको १८ वर्षपछि स्तरोन्नति भएको छ ।

पूर्वाधार विकास कार्यालय, म्याग्दीमार्फत सञ्चालित हाँडेभिर-बगरफाँट-भकिम्ली सडकको बगरफाँट-कोप्रे-दूधेखोला खण्डलाई फरालिलो, घुम्ती तथा मोड, ग्रेड सुधार, नाली र टेवा पर्खाल निर्माण गरेर स्तरोन्नति गरिएको हो ।

२०६४ सालमा कृषि सडकका रूपमा बेनीबजारदेखि बेनी नगरपालिका-२ को हाँडेभिर-बगरफाँट हुँदै भकिम्ली सडकको 'ट्याक' मार्ग खुलेको थियो । हाँडेभिरबाट बगरफाँटको बुद्ध एकेडेमीसम्मको सडकको मङ्गलाघाट पारीको भीर बाहेकको क्षेत्रमा दुई वर्षअघि नै कालोपत्र भइसकेको छ ।

बगरफाँटदेखि दूधेखोलासम्मको करिब साढे दुई किलोमिटर बढी सडकलाई फराकिलो बनाउने, नाली, पर्खाल र ग्राभेल भएपछि स्थानीयवासीलाई सुविधा पुगेको बेनी नगरपालिका-२ बगरफाँटका चन्द्रबहादुर घिमिरेले बताए ।

'साँघुरो, खाल्डाखुल्डी भएको सडकमा वर्खामा पानी र हिलो जमेर आवतजावतमा असहज भएको थियो,' उनले भने, 'सडक स्तरोन्नति भएपछि २० मिनेटको यात्राअवधि पाँच मिनेटमा छोटिएको छ ।' आयोजनाको हल्लेगौडा क्षेत्रमा ३९० मिटर ढलान, नाली सफा, भत्किएको ठाउँमा मर्मत सुधारबाहेक ८० प्रतिशत काम सकिएको निर्माण कम्पनीका प्रतिनिधि नीरज भण्डारीले बताए ।

गण्डकी प्रदेश सरकारको भौतिक पूर्वाधार मन्त्रालयमार्फत बहुवर्षीय योजनाको रूपमा छनोट भएको यस योजना निर्माणका लागि २०८१ जेठ महिनामा पूर्वाधार विकास कार्यालयले पाँच करोड ५९ लाख रुपैयाँमा सडक स्तरोन्नतिको लागि माछापुच्छे हिमालयन जेभीसँग ठेक्का सम्झौता गरेको थियो ।

यस सडक स्तरोन्नतिका लागि १० करोड लागत अनुमान गरी ठेक्का प्रतिस्पर्धामार्फत योजनालाई कार्यान्वयन गराइएको हो । यो योजनाबाट बगरफाँटदेखि दूधेखोलासम्मको करिब साढे दुई किलोमिटर सडकलाई आठ मिटर फराकिलो बनाएर ग्राभेल भएपछि आवतजावत सहज, यात्रा अवधि छोटिएको कोप्रेका बासिन्दा ओमबहादुर घर्तीमगरले बताए ।

दूधेखोलादेखि भकिम्ली जोड्ने सडकको विभिन्न खण्डमा ३९० मिटर सडक ढलान गर्न बाँकी छ । यही चैत महिनासम्म ठेक्काको म्याद रहे पनि प्रदेश सरकारले पर्याप्त बजेट विनियोजन नगरेका कारण काम गर्न समस्या भएको निर्माण व्यवसायी भण्डारीले बताए ।

बागलुङको ताराखोला र काठेखोला गाउँपालिका जोडिने यो सडक बेनी नगरपालिकाको २, ३, ४ र मङ्गला गाउँपालिकाको ३ र ४ का बासिन्दाले सदरमुकाम बेनी आउन जान प्रयोग गर्छन् ।

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP

वर्ष -१८, अंक- ३४,
२०८२ साल चैत १० गते मंगलबार
24 MARCH 2026, TUESDAY

# नबिल बैंकद्वारा 'ग्लोबल मनि विक' सम्पन्न

**काठमाडौं-** नबिल बैंक लिमिटेडले 'ग्लोबल मनी विक' अभियानअन्तर्गत ११ हजारभन्दा बढी विद्यार्थीलाई वित्तीय साक्षरता प्रदान गरेको छ ।

चैत्र २ गते देखि ८ गते सम्मसञ्चालन भएको 'ग्लोबल मनी विक' मार्फत सात वटै विद्यार्थीलाई वित्तीय साक्षरता प्रदान गरेको हो ।

विश्वव्यापी रुपमा प्रत्येक वर्ष मनाइने ग्लोबल मनी विक यस वर्ष 'स्मार्ट मनी टक्स' नारासहित मनाइएको थियो । जसअन्तर्गत बैंकले विभिन्न शाखा कार्यालयमार्फत वित्तीय साक्षरता अभिवृद्धि गर्ने उद्देश्यले बचत, लगानी, डिजिटल बैंकिङ, वित्तीय ठगीलगायत विषयमा विद्यार्थी तथा युवाहरुलाई अभिमुखीकरण गराएको थियो । बैंकको यस अभियान मार्फत कोशी प्रदेशका दुई हजार ६४, मधेश प्रदेशका एक हजार ३८१, बागमती प्रदेशका दुई हजार ६०८, गण्डकी प्रदेशका एक हजार २७८, लुम्बिनी प्रदेशका एक हजार ३३८, कर्णाली प्रदेशका एक हजार ५०४ र सुदूरपश्चिम प्रदेशका ९१४ विद्यार्थीहरु लाभान्वित भएका छन् ।




# एफएनसीसीआईको एसोसिएट उपाध्यक्षमा पाण्डे चुनावी मैदानमा



काठमाडौं- नेपाल उद्योग वाणिज्य महासंघका उपाध्यक्षका उम्मेदवार प्रबलजंग पाण्डेले उद्योगी व्यवसायीले भोग्नुपरेका समस्यालाई आफूले नजिकबाट नियालेको भन्दै समाधानको प्रयासका लागि १२ बुँदे कार्ययोजना अगाडि सारेका छन् ।

उनले सोमबार काठमाडौंमा उम्मेदवारी घोषणा कार्यक्रममा निजी क्षेत्रको पुनरुत्थान र आर्थिक समृद्धिका लागि आफ्नो कार्ययोजना सुनाएका हुन् । 'म पनि ती सयौं उद्योगीमध्ये एक हुँ, जसले राज्यको अदूरदर्शी नीतिका कारण पटक-पटक सास्ती भोग्नुपरेको छ,' उनले भने, 'त्यसैले म सुधारको योजनासहित मैदानमा आएको छ ।'

उनले उद्योगमैत्री र स्थिर नीति निर्माण, ब्याजदरमा स्थिरता, वैदेशिक र स्वदेशी लगानी बढाउन 'क्रेडिट रिकभरी एक्ट' तर्जुमा, आयकरको सीमा परिमार्जन, हवाई टिकटमा लगाइएको भ्याट खारेज, उद्योगहरूलाई सहुलियत दरमा चौबिसै घण्टा बिजुली, स्वदेशी कच्चा पदार्थमा आधारित उद्योगलाई प्राथमिकता, सामूहिक सौदाबाजीको बाध्यात्मक अवस्था अन्त्य गरी न्यूनतम ज्याला निर्धारण गर्ने वैज्ञानिक आधार तय गर्नुपर्ने लगायत विषय अगाडि सारेका छन् ।

उनले बागमती प्रदेश अध्यक्षको रूपमा काम गर्दा सिकेका अनुभवले महासंघलाई बलियो बनाउन मद्दत पुग्ने विश्वास व्यक्त गरे ।

महासंघको अहिलेको कार्यसमितिमा एसीसिएट तर्फबाट सदस्य रहेका अम्बिकाप्रसाद पौडेल, बाबुकाजी कार्की, हेमन्त गोल्छा, जुना माथेमा, राजेश कुमार अग्रवाल, ऋषि अग्रवाल, उज्जवल श्रेष्ठ, शक्ति कुमार बेगानी र सुशील थापा पाण्डेको पक्षमा उभिएका छन् । यसबाहेक कृष्णलाल महर्जन, निकोलस पाण्डे, प्रियराज रेग्मी, आरएस भण्डारी, ईश्वर जिसी र सुयस प्याकुरेल पनि पाण्डेको पक्षमा खुलेका छन् ।

# प्रभु बैंकद्वारा 'ग्लोबल मनी विक-२०२६' अन्तर्गत वित्तीय साक्षरता कार्यक्रम सम्पन्न

काठमाडौं – प्रभु बैंक लिमिटेडले 'ग्लोबल मनी विक-२०२६' अन्तर्गत साताव्यापी वित्तीय साक्षरता कार्यक्रम सम्पन्न गरेको छ । "स्मार्ट मनि टल्क" भन्ने मूल नारासहित सञ्चालन गरिएको उक्त कार्यक्रम २०८२ चैत २ गतेदेखि सुरु भई चैत ८ गते सम्पन्न भएको बैंकले जनाएको छ ।

बैंकका अनुसार देशभरका सातै प्रदेशमा रहेका २०० भन्दा बढी शाखामार्फत विभिन्न स्थानमा कार्यक्रम आयोजना गरिएको थियो । अभियानलाई सफल बनाउन वित्तीय साक्षरता, बालबालिका तथा युवालक्षित चेतनामूलक कार्यक्रमका साथै प्रभातफेरीसमेत सञ्चालन गरिएको थियो ।

उक्त कार्यक्रममार्फत बैंकले आधुनिक बैंकिङ, बचत, ऋण, लगानी तथा विद्युतीय बैंकिङ सेवाबारे जानकारी प्रदान गरेको जनाएको छ । साथै, डिजिटल बैंकिङ प्रयोग गर्दा अपनाउनुपर्ने सावधानीबारे पनि सहभागीलाई सचेत गराइएको थियो । बैंकले विभिन्न समुदाय, महिला, बालबालिका, विद्यालय तथा कलेजमा केन्द्रित कार्यक्रम सञ्चालन गर्दै वित्तीय सचेतना विस्तार गरेको हो । यसैक्रममा, अज्ञात स्रोतबाट प्राप्त लिंक नखोल्न, संवेदनशील विवरण साझा नगर्न तथा डिजिटल ठगीबाट सुरक्षित रहन आग्रह गरिएको छ ।

संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत बैंकले सातै प्रदेशमा वित्तीय साक्षरता कार्यक्रमलाई निरन्तरता दिँदै आएको जनाएको छ ।




# लागत घटेपछि वाणिज्य बैंकहरुको आधार दर निरन्तर ओरालो



काठमाडौं । वाणिज्य बैंकहरुले निक्षेपको ब्याजदर घटाएर लागत कम गरेपछि आधार दर (बेस रेट) थप ओरालो लागेको छ ।

कर्जाको माग सुस्त भइ लगानीयोग्य रकम (तरलता) थुप्रिएपछि बैंकहरुले निक्षेपको ब्याजदर निरन्तर घटाउँदा बेस रेट थप तल आएको हो ।

पाँच वटा वाणिज्य बैंकको बेस रेट ५ प्रतिशतभन्दा तल आएको छ । एभरेष्ट, नेपाल, नबिल, स्टान्डर्ड चार्टर्ड र राष्ट्रिय वाणिज्य बैंकको बेस रेट ५ प्रतिशतभन्दा तल आएको हो ।

राष्ट्रिय वाणिज्य बैंकको बेस रेट सबैभन्दा कम ४.३० प्रतिशतमा आएको छ । त्यसैगरी, स्टान्डर्ड चार्टर्ड बैंकको ४.४८, एभरेष्ट बैंकको ४.६५, नेपाल बैंकको ४.८७ र नबिल बैंकको ४.६५ प्रतिशतमा आएको छ ।

एनआइसी एसिया बैंकको बेस रेट सबैभन्दा धेरै ६.३२ प्रतिशत छ । बैंकहरुले पछिल्लो तीन महिनाको औसत बेस रेटका आधारमा चैतमा कर्जाको ब्याजदर तय गर्दछन् ।

बेस रेट घट्नु भनेको ऋणको ब्याजदर सस्तो हुनु हो । बैंकहरुले बेस रेटमा अधिकतम ५ प्रतिशतसम्म प्रिमियम थपेर ऋण दिन्छन् ।

# अन्तिम समयसम्म सहमतिको प्रयास जारी राख्छौं : अञ्जन

काठमाडौं- नेपाल उद्योग वाणिज्य महासंघका वरिष्ठ उपाध्यक्ष अञ्जन श्रेष्ठले नेतृत्व चयनका लागि सहमतिको प्रयास अन्तिम समयसम्म जारी राख्ने बताएका छन् ।

उनले सवमबार आफ्नो समूहको प्यानल घोषणा कार्यक्रममा सहमतिका लागि पहल गर्न अध्यक्ष चन्द्र ढकालसँग आग्रह गरे ।

'हामीले सहमतिका लागि पहल सुरु गरेका छौं । अध्यक्षज्यूलाई पनि यसमा सहयोग गर्न आग्रह गरेको छु । मतदान हुनुअघिसम्म सहमतिको सम्भावना रहन्छ । सहमति हुन सकेन भने हामी स्वस्थ लोकतान्त्रिक अभ्यासमा जानेछौं,' उनले भने । उनले निर्वाचनमा जसले जिते पनि निजी क्षेत्रको नेतृत्व गर्ने गरी सबैलाई एउटै डुङ्गाका यात्री सम्झेर एकताबद्ध रुपमा अगाडि बढ्ने प्रतिबद्धता व्यक्त गरे ।



महासंघको यही चैत मसान्तमा हुने साधारण सभाबाट श्रेष्ठ स्वत: अध्यक्ष बन्दैछन् । श्रेष्ठले कोभिडपछिको परिस्थिति र सरकारका केही नीतिगत कमजोरीका कारण बजार माग घटेको र उद्योगहरू न्यून क्षमतामा चलिरहेको बताए । उनले व्यवसायीका समस्या सुन्न र समाधानको पहलका लागि डेस्क स्थापना गर्ने, पूर्वअध्यक्ष र आर्थिक विज्ञ सम्मिलित 'थिङ्क ट्याङ्क' बनाउने र डाटामा आधारित नीतिगत बहस गर्ने लगायत योजना सुनाए ।

# एनसेलले छोडेको बिल्डिङमा पाच तारे होटल बन्दै



काठमाडौं- पाँच वर्षअघि निजी क्षेत्रको दूरसञ्चार सेवा प्रदायक कम्पनी एनसेल लैनचौरमा रहेको भव्य भवनमा सर्‍यो । एनसेलले डेटा सेन्टर ललितपुरको नख्खुमा राखेर कर्पोरेट कार्यालय भने लैनचौर सारेको थियो ।

यती समूहले बनाएको १० तल्लाको बिल्डिङ भदौ २३ र २४ गतेको जेनजी आन्दोलनको निशानामा पर्‍यो । त्यो निशानाबाट करोडौंका सवारीसाधन जले । जेनजी आन्दोलनमा आक्रमणमा परेपछि एनसेलले सूचना जारी गर्दै आफ्नो कर्पोरेट कार्यालय नख्खु सार्ने जानकारी गरायो । एनसेल नख्खुमा सरेपछि यती समूहले त्यो भव्य भवनमा पाँच तारे होटल बनाउन सुरु गरेको छ ।

यती वर्ल्डका अध्यक्ष सोनाम शेर्पाले भवनको संरचना होटलका लागि भएको बताउँदै एक वर्षभित्र पाँच तारे होटल संचालनमा ल्याउने जानकारी दिए ।

'हामीले होटल बनाउने गरी भवनको संरचना बनाएका थियौं । त्यही बेलामा कोभिड र केही समयपछि ब्याजदर दोहोरो अंकमा पुगेपछि एनसेललाई भाडामा दिएका थियौं,' उनले बिजमाण्डूसँग भने, 'जेनजी आन्दोलनपछि यहाँ आक्रमण भएर एनसेल सरेपछि होटलको इन्टेरियरको काम सुरु गरिसकेका छौं । एक वर्षभित्र संचालनमा आउँछ ।'

उनका अनुसार होटलका लागि प्रारम्भिक वातारणीय मूल्यांकन लगायत सबै प्रक्रिया पहिला नै पूरा गरिसकिएको छ । 'होटल बनाउनका लागि सरकारी प्रक्रिया पहिला नै पूरा गरिसकेका छौं । इन्टेरियरको काम मात्रै गर्नका लागि धेरै समय लाग्दैन,' शेर्पाले भने, 'त्यसका लागि बैंक ऋण लगायत प्रक्रिया पनि सुरु भइसकेको छ । होटलको लागत दुई अर्ब रुपैयाँ बराबरको हो ।'

४ रोपनी ३ आना क्षेत्रफलको होटलमा ११२ वटा कोठा हुनेछन् । शेर्पाका अनुसार होटलको नाम ली शेर्पा हुनेछ । होटल व्यवस्थापनको जिम्मा विदेशीलाई दिने शेर्पाले बताए ।

'होटल बनाइसकेपछि विदेशी व्यवस्थापनलाई नै जिम्मा दिने हो । हाम्रो एक्सपर्टिजले होटल संचालन गर्न कठिन हुन्छ,' शेर्पाले भने, 'विदेशीको नेटवर्कभित्र बसेपछि व्यापार गर्न पनि सजिलो हुन्छ ।'

होटलको टप फ्लोरमा इन्फिनिटी स्वीमिङ पुल हुनेछ । होटलमा साउना, क्लब, ज्याकुजी लगायत सुविधा हुनेछन् । कन्फ्रेन्स हल र विभिन्न मल्टीकुजिन रेष्टुरेन्ट समेत रहने शेर्पाले जानकारी दिए ।

यो समूहले हस्पिटालिटी क्षेत्रमा एग्रेसिभरुपमा लगानी गरिरहेको छ । समूह अन्तर्गत काठमाडौंमा गोकर्ण फरेष्ट रिसोर्ट, चितवनको मेघौलीमा कसरा चितवन, सोलुखुम्बुमा यती माउन्टेन होम, मुस्ताङमा शिन्तामणि लक्जरी रिसोर्ट र लुम्बिनी होक्के होटल संचालनमा छन् ।

थामसेंकु ट्रेक्स एण्ड एक्सपिडिसनबाट उदाएको यो समूहको यती एयरलाइन्स, तारा एयर, हिमालय एयरलाइन्स र एयर डाइनेष्टी हेलिकोप्टरमा लगानी छ । यसबाहेक यती इन्सेन्टिभ ट्राभल्स, यती होलिडेज, यती एडभेन्चर र कोरा टुर्स समेतमा यो समूहको लगानी छ ।

# आईपीओ निष्कासनका लागि लक्ष्मी सन्राइज क्यापिटल नियुक्त

काठमाडौं- सालमनीदेवी हाइड्रोपावर लिमिटेडले साधारण शेयर (आईपीओ) निष्कासनका लागि लक्ष्मी सन्राइज क्यापिटल लिमिटेडलाई निष्कासन तथा बिक्री प्रबन्धकमा नियुक्त गरेको छ ।

कम्पनीले आयोजना प्रभावित स्थानीय बासिन्दाका लागि प्रतिकित्ता रु. १०० अंकित दरमा ८ लाख ५० हजार कित्ता शेयर र सर्वसाधारणका लागि समेत सोही दरमा ८ लाख ५० हजार कित्ता शेयर निष्कासन गर्ने तयारी गरेको जनाएको छ ।

यस सम्बन्धमा सम्पन्न सम्झौतामा लक्ष्मी सन्राइज क्यापिटल लिमिटेडका प्रमुख कार्यकारी अधिकृत विजय लाल श्रेष्ठ र सालमनीदेवी हाइड्रोपावर लिमिटेडका तर्फबाट सञ्चालक पेरश दाहालले हस्ताक्षर गरेका हुन् ।



आकाश
Jana Aakash National Weekly
WWW.JANAAKASH.COM.NP



खेलकुद

# बास्केटबल लिगमा टाइम्सको छैटौं जित



काठमाडौं – टाइम्स क्लबले हिमालयन जाभा नेसनल बास्केटबल लिगमा लगातार छैटौं जित निकालेको छ । त्रिपुरेश्वर स्थित राखेप कभर्डहलमा सोमबार टाइम्सले कीर्तिपुरलाई ८२-६० स्कोरले पराजित गर्दै उक्त सफलता पाएको हो ।

टाइम्सले शीर्षस्थानको त्रिभुवन आर्मी क्लबसँगै समान १३ अंक जोडेको छ । पहिलो क्वाटरमा दुवै टोलीले १२-१२ स्कोर जोडेपछि दोस्रो क्वाटरमा टाइम्सले २१-१२ को अग्रता बनायो । हाफटाइमसम्म ३३-२४ को अग्रता लिएको टाइम्सले तेस्रो क्वाटर १७-८ र चौथो क्वाटर ३२-२८ ले आफ्नो पक्षमा पार्दै खेल जितेको थियो । टाइम्सका श्रेयसबहादुर थापाले सर्वाधिक २० स्कोर गरे ।

अघिल्लो रात विभागीय टोली आर्मीले सोलो बास्केटबल क्लबलाई १०३-६८ स्कोरले पराजित गरेको थियो । लिगमा आर्मीको सातौं खेलमा छैटौं जित हो । आर्मीका निश्चल महर्जनले सर्वाधिक २० स्कोर गरेका थिए । आर्मीका नुकेश जुग्जाली प्लेयर अफ द म्याच भए ।

# एसियन ब्याट्रिजको ब्रान्ड एम्बासडरमा दीपेन्द्रसिंह



काठमाडौं – नेपालको ऊर्जा समाधान प्रदायक कम्पनी एसियन ब्याट्रिज लिमिटेडले नेपाली राष्ट्रिय क्रिकेट खेलाडी दीपेन्द्रसिंह ऐरीलाई आधिकारिक ब्रान्ड एम्बासडर चयन गरेको छ ।

कम्पनीले दीपेन्द्रलाई 'फेस अफ द ब्रान्ड' को रूपमा सार्वजनिक गरेको हो । मैदानमा दीपेन्द्रले देखाउने असाधारण ऊर्जा, सटिक प्रदर्शन र अटुट भरोसा कम्पनीको मूलमन्त्र 'चल्छ ढुक्कले' सँग पूर्ण मेल खाने भएकाले उनीसँग साझेदारी गरिएको कम्पनीले जनाएको छ ।

यो सहकार्यले नेपाली उद्योग र खेलकुद क्षेत्रबीचको सम्बन्धलाई थप मजबुत बनाउने अपेक्षा गरिएको छ । एसियन ब्याट्रिजका अध्यक्ष सुरेश लोहनीले भने, 'दीपेन्द्रलाई आफ्नो संस्थाको परिवारमा स्वागत गर्न पाउँदा गौरवान्वित महसुस भएको बताउँदै उनको जाँगरिलो व्यक्तित्व र उत्कृष्ट खेल कौशलले आफ्नो ब्रान्डको पहिचानलाई युवावर्ग र देशभरका ग्राहकमाझ नयाँ उचाइमा पुऱ्याउने विश्वास लिएको बताए ।

क्रिकेटर दीपेन्द्रले प्रतिष्ठित विदेशी ब्रान्डसँग जोडिन पाउँदा निकै उत्साही भएको बताउँदै गुणस्तर र भरोसालाई प्राथमिकता दिने यस कम्पनीसँगको सहकार्यले उपभोक्तामाँझ सकारात्मक ऊर्जा प्रवाह हुनेमा विश्वस्त रहेको बताए ।

यो साझेदारीले एसियन ब्याट्रिजको बजार विस्तार र ब्रान्ड भ्याल्यूलाई आगामी दिनमा थप सुदृढ बनाउने र युवापुस्तामाँझ दीपेन्द्रको लोकप्रियताले कम्पनीको डिजिटल र ग्राउन्ड लेभल क्याम्पेनलाई थप प्रभावकारी बनाउने अपेक्षा छ ।

# बाजुरामा हेलिकप्टरमार्फत उद्धार गरिएकी सुत्केरी र शिशुको मृत्यु

बाजुरा- बाजुरामा सुत्केरी आमा र सात दिनको शिशुको मृत्यु भएको छ । चैत्र ४ गते बाजुराबाट थप उपचारका लागि कर्णाली प्रदेश अस्पताल सुर्खेत रिफर गरिएकी गर्भवती सुरता रोकाय र उनले जन्म दिएको शिशुको मृत्यु भएको हो । उनीहरूलाई हेलिकप्टरमार्फत सुर्खेत पुऱ्याइएको थियो ।

बडीमालिका नगरपालिका-१ की २१ बर्षकी रोकाया र नवजात शिशुको उपचारको क्रममा शनिबार सुर्खेतस्थित कर्णाली प्रदेश अस्पताल मृत्यु भएको बाजुराका सहायक प्रमुख जिल्ला अधिकारी लक्ष्मण पुडासैनीले जानकारी दिए ।

उनी लामो समयदेखि मुटु रोगबाट समेत ग्रसित थिइन् भने डाक्टरले बच्चा जन्माउन नहुने सुझाव समेत दिएको पाइएको छ ।

# परम्परागत ज्ञान र आधुनिक विज्ञानमार्फत हिमाली चरनभूमि संरक्षण गरिँदै

काठमाडौं- परम्परागत ज्ञान र आधुनिक विज्ञानमार्फत मुलुकका उच्च हिमाली क्षेत्रमा रहेका चरनभूमिको संरक्षण गरिने भएको छ । चरनभूमिको संरक्षण गर्न 'नेपालका उच्च हिमाली चरनभूमि संरक्षणका लागि धार्मिक नेतृत्वको पुनर्जीवन' नामक चार वर्षे परियोजना सुरु गरिएको हो । यसका लागि नेपाल सरकारले विश्व वन्यजन्तु कोष (डब्लूडब्लूएफ) नेपालको सहयोगमा उक्त परियोजना बिहीबारदेखि प्रारम्भ गरेको हो ।



यस परियोजनाको उद्देश्य कर्णाली प्रदेशस्थित डोल्पाको माथिल्लो दुर्गम क्षेत्रमा रहेका उच्च हिमाली चरनभूमिको संरक्षण गर्नँ तथा स्थानीयको जीविकोपार्जन सुधार गर्नँ, सांस्कृतिक सम्पदाको संरक्षण तथा पर्यटन प्रवर्द्धन गर्नँलगायत रहेका छन् । संयुक्त अधिराज्यको 'डर्विन इनिसिएटिभ'मार्फत वित्त पोषित यस सहकार्यले सरोकार भएका निकायको क्षमता उपयोग गर्दै सह-व्यवस्थापनको नवीन दृष्टिकोण अपनाउने छ । जसमा स्थानीय परम्परागत ज्ञान र आधुनिक विज्ञानको समन्वय गरिने जनाइएको छ। सन् २०२६ लाई 'चरनभूमि तथा पशुपालकको अन्तर्राष्ट्रिय वर्ष' का रूपमा मनाइँदैछ । नेपालको उच्च हिमाली चरनभूमिहरूले हजारौँ वर्षदेखि प्रकृति र मानव जीवनलाई धान्दै आएका छन् । यी चरनभूमि आम्दानीको महत्वपूर्ण स्रोत हुनुका साथै जनताका लागि जल सुरक्षाको सुनिश्चिततामा महत्वपूर्ण भूमिका निर्वाह गर्नेछन् । डोल्पासहित हिमाली क्षेत्रमा यी चरनभूमिले हिउँ चितुवालगायत विविध जैविक सम्पदालाई संरक्षण गर्छन् भने आदिवासी तथा स्थानीय समुदायका लागि सामाजिक-आर्थिक जीवनरेखाको रूपमा कार्य गर्नेछन् । बढ्दो मानवीय दबाब तथा जलवायु परिवर्तनका प्रभावले यी चरनभूमि प्रत्यक्ष जोखिममा परिरहेका छन् ।

डब्लूडब्लूएफ नेपालले देशका दुर्गम क्षेत्रमा रहेका वञ्चित समुदायसँग काम गर्ने सुदृढ अनुभव हासिल गरेको जनाएको छ । डब्लूडब्लूएफनेपालका राष्ट्रिय प्रतिनिधि डा घनश्याम गुरुङले 'डर्विन इनिसिएटिभ'को सहयोगमा यसअघि तराई क्षेत्रमा आर्थिक तथा सामाजिक रूपमा पछाडि परेका समुदायको जीवनस्तर सुधारका कार्य गरिएको बताए ।

डोल्पाको माथिल्लो क्षेत्रमा सञ्चालन हुने यो नयाँ परियोजनामार्फत समुदायमा आधारित संरक्षण र जीविकोपार्जनलाई सुदृढ गर्दै समान प्रभाव हासिल गर्ने हाम्रो लक्ष्य छ,' उनले भने । नेपालले यी चरनभूमिको प्राकृतिक तथा सांस्कृतिक अखण्डताको संरक्षणलाई उच्च प्राथमिकता दिएको छ। दूरदर्शी नीतिहरूले सह-व्यवस्थापनका लागि अनुकूल वातावरण सिर्जना गरेका छन् । जसमा आदिवासी तथा स्थानीय समुदायको सार्थक सहभागिता सुनिश्चित गरिएको छ । तथापि, दुर्गमता, सीमित स्रोतसाधन तथा व्यवस्थापनसम्बन्धी अस्पष्ट जिम्मेवारीजस्ता व्यावहारिक चुनौतीहरूले प्रभावकारी संरक्षणमा अझै अवरोध सिर्जना गरिरहेका छन् । डब्लूडब्लूएफ नेपालले वन तथा वातावरण मन्त्रालयअन्तर्गतको राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग र स्थानीय समुदायसँग सहकार्य गर्दै से-फोक्सुन्डो राष्ट्रिय निकुञ्जमा समग्र संरक्षण कार्यक्रम सञ्चालन गर्दै आएको छ । जहाँ हिउँ चितुवालाई प्रमुख वन्यजन्तुको रूपमा लिइएको छ ।

संरक्षणको दिगोपन सरोकार भएका निकायको सक्रिय सहभागिता र जिम्मेवारीमा निर्भर हुने भएकाले यी प्रयासहरूले प्रकृति र मानव कल्याणबीचको सकारात्मक सम्बन्धलाई मजबुत बनाउँदै सहअस्तित्व प्रवर्द्धनलाई प्राथमिकता दिएका छन्। वन्यजन्तुसँगकोद्वन्द्व व्यवस्थापन, जीविकोपार्जन विविधिकरण, शिक्षा तथा स्वच्छ ऊर्जामा पहुँच विस्तार यसका प्रमुख प्राथमिकता हुन् ।

'चरनभूमि व्यवस्थापनमा समुदायको सहभागिता र परम्परागत ज्ञानको एकीकरण नेपाल सरकारको प्राथमिक रणनीति हो। यस महत्वपूर्ण परियोजनामा योगदान पुऱ्याउने दातृ निकाय र साझेदारलाई विभाग धन्यवाद दिन चाहन्छ,' राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका महानिर्देशक डा. बुद्धिसागर पौडेलले भने ।

यो संयुक्त अधिराज्यद्वारा वित्तपोषित परियोजनाले हालसम्मका प्रयासलाई आधार मानेर चरनभूमि तथा तिनबाट प्राप्त हुने मूर्तअमूर्त सेवालाई दीर्घकालीन रूपमा सुरक्षित गर्दै मानव कल्याणमा योगदान पुऱ्याउने लक्ष्य राखेको उनले बताए ।

विभाग र से-फोक्सुन्डो राष्ट्रिय निकुञ्जको नेतृत्व तथा से-फोक्सुन्डो गाउँपालिकाको मार्गदर्शनमा सञ्चालन हुने यस परियोजनाले नेपालको उच्च हिमाली चरनभूमिका लागि पुनरावृत्ति गर्न सकिने प्रभावकारी शासन ढाँचा विकास गर्ने लक्ष्य राखेको छ ।

परियोजना क्षेत्रका चरनभूमिले बुद्ध र मुक्पोरङ मध्यवर्ती क्षेत्र उपभोक्ता समितिका ६५० भन्दा बढी परिवारलाई सहयोग पुऱ्याइरहेको छ । जहाँ समुदाय जीविकोपार्जनका लागि पशुपालन, गैरकाठ वन उपज तथा परम्परागत औषधिमा निर्भर छन् । नेपाल सरकारका नीति, परम्परागत ज्ञान र अन्तरराष्ट्रिय उत्कृष्ट अभ्यासको मार्गदर्शनमा यस परियोजनाले स्थानीय समुदायका सदस्य-विशेष गरी युवा, महिला र गोठालालाई सशक्त बनाउने बताइएको छ । जसले मध्यवर्ती क्षेत्र प्रयोगकर्ता समितिका चरनभूमि व्यवस्थापन उपसमितिमा सक्रिय भूमिका निर्वाह गर्नेछन् ।

'यो परियोजना 'डर्विन इनिसिएटिभ'मार्फत संयुक्त अधिराज्यको सहयोगले स्थानीय नेतृत्व सुदृढ गर्दै मानव र प्रकृतिलाई समान रूपमा लाभ पुऱ्याउने उत्कृष्ट उदाहरण हो । धार्मिक अगुवा र समुदायस्तरीय चरनभूमि समितिसँग सहकार्य गर्दै हामी बुद्धले लामो समयदेखि सिकाउँदै आएको एउटा सरल सत्यलाई स्वीकार गर्छौं । मानव र प्राकृतिक संसारको कल्याण आपसमा गहिरो रूपमा सम्बन्धित छन्,' नेपालका लागि संयुक्त अधिराज्यका राजदूत रोब फेनले भने । डब्लूडब्लूएफ नेपाल बाहेक यस परियोजनाका साझेदार संस्थामा 'दिगो कृषि र जैविक स्रोतका लागि एशियाली सञ्जाल' (एन्साब) नेपाल र सोवा रिग्पा एसोसिएसन अफ नेपाल (एसआरएएन) रहेका छन् । 'एन्साब' नेपालले गैरकाठ वन उपजको दिगो सङ्कलन, मूल्य अभिवृद्धि तथा बजार पहुँचमा सहयोग गर्नेछ भने 'एसआरएएन' ले बौद्ध परम्परामा आधारित सोवा रिग्पा (उपचारको विज्ञान) को संरक्षण र समसामयिक सन्दर्भअनुसार सुदृढीकरणमा योगदान पुऱ्याउनेछ ।

परम्परागत ज्ञान प्रणालीको संरक्षण र सुदृढीकरणका लागि चरनभूमि व्यवस्थापन उपसमितिहरूको नेतृत्व धार्मिक अगुवा तथा परम्परागत चिकित्सक 'अम्ची'हरूले गर्नेछन् । साथै, अम्चीहरूलाई कानुनी तथा दिगो औषधिजन्य सामग्री प्रयोगतर्फ रूपान्तरण गर्न सहयोग गरिने से फोक्सुन्डो राष्ट्रिय निकुञ्जका वरिष्ठ संरक्षण अधिकृत नुरेन्द्र अर्यालले जानकारी दिए । 'जसले लोपोन्मुख वन्यजन्तु तथा वनस्पतिमा निर्भरता घटाउँदै परम्परागत 'सोवा रिग्पा' उपचार पद्धतिको मौलिकता संरक्षण गर्नेछ,' उनले भने ।

# सूर्यविनायक-धुलिखेल सडक विस्तार : तीन वर्षमा ६७ प्रतिशत भौतिक प्रगति



काभ्रेपलाञ्चोक- अरनिको राजमार्गअन्तर्गत भक्तपुरको सूर्यविनायकदेखि काभ्रेपलाञ्चोकको धुलिखेलसम्म ६ लेनमा सडक विस्तार भइरहेको छ ।

तीन वर्षअघि सुरु गरिएको जम्मा १६ किलोमिटरको उक्त सडक विस्तारमा हालसम्म ६७ प्रतिशत भौतिक प्रगति भएको सूर्यविनायक-धुलिखेल, धुलिखेल-सिन्धुली-बर्दिबास सडक आयोजनाले जनाएको छ ।

पहिले दुई लेन रहेको उक्त राजमार्ग ६ लेनमा विस्तार गरिएको हो । सडकका दायाँबायाँ दुई सर्भिस लेन तथा दुई दशमलव पाँच मिटरको फुटपाथ निर्माण भइरहेको छ ।

आयोजनाको समयावधि सकिएपछि गत मङ्सिर अन्तिम साता पुनः एक वर्ष म्याद थप गरिएको थियो । आयोजनाले थपिएको समयमा काम सम्पन्न गर्ने जनाएको छ ।

उक्त सडक विस्तारका लागि सूर्यविनायकदेखि साँगासम्म र साँगादेखि धुलिखेलसम्म दुई खण्डमा विभाजन गरी ठेक्का लगाइएको थियो । आठ किलोमिटर दूरीको साँगा-धुलिखेल सडक विस्तारका लागि विसं २०७९ मङ्सिर २७ गते सम्झौता भइ गत मङ्सिर २५ गते म्याद सकिएको थियो । सो कामका लागि लामा कन्स्ट्रक्सन प्रालिले चार अर्ब पाँच करोड ६४ लाख रुपैयाँमा ठेक्का लिएको थियो । उक्त अवधिमा ६० प्रतिशत मात्र काम सम्पन्न भएको सडक आयोजनाले जनाएको छ । कन्स्ट्रक्सनका प्रबन्धक रवीन्द्र श्रेष्ठका अनुसार समग्रमा ६५ प्रतिशत तथा पिचबाहेक भौतिक प्रगति ९० प्रतिशत सम्पन्न भएको छ। दोस्रो खण्डअन्तर्गत सूर्यविनायक-साँगामा भने ५५ प्रतिशत काम सकिएको जनाइएको छ । यसअघि 'सेन्टर लाइन'को विषयलाई लिएर स्थानीयले विवाद गरेपछि डेढ वर्षदेखि रोकिएको यस सडकखण्डको पलुबजार क्षेत्रमा गत मङ्सिर तेस्रोसाता स्तरोन्नति सुरु गरिएको थियो । आयोजनाकाअनुसार सूर्यविनायक-साँगा खण्डमा केही स्थानमा सडक तथा अन्य संरचना भत्काउने काम भइरहेको छ। आयोजनाका इन्जिनियर विष्णुप्रसाद खनालका अनुसार जनागाल, बाँसघारी-बुडोल, साँगा-भैँसेपाटी, बनेपा बजारलगायतका क्षेत्रमा काम तीव्र गतिमा भइरहेको छ ।

सूर्यविनायक-साँगा ७ दशमलव ५ किलोमिटर विस्तारका लागि रु तीन अर्ब ८८ करोड ९३ लाखमा ठेक्का लगाइएको थियो । उक्त खण्डको ठेक्का अवधि पनि गत पुसमा सकिएपछि म्याद थपिएको हो। हाल उक्त सडकको दायाँबायाँ टेवा पर्खाल लगाउने, नाली निर्माण गर्ने र 'कल्भर्ट' निर्माण भइरहेको छभने सडक निर्माणका क्रममा साँगा क्षेत्रमा ठुलो घुम्ती तथा भिर भएकाले काम गर्न केही अफ्ठ्यारो भएको छ ।

यस सडकखण्डमा पर्ने तीन पुलमध्ये महादेव खोलामा निर्माण भइरहेको आयोजनाका सूचना अधिकारी सिनियर डिभिजनल इन्जिनियर अन्जु परियारले बताइन् । उनका अनुसार अन्य दुई पुलमा डिजाइनको प्रारम्भिक चरणमा स्थानीय तथा जनप्रतिनिधिले विभिन्न माग राखी अवरोध गरेकाले डिजाइन ढिला भएको हो । हाल ती समस्या समाधान भइसकेकोले डिजाइन भइसकेको छ। अब चाँडै पुल निर्माणको तयारी भइरहेको उनको भनाइ छ । चीनसँगको छोटोदूरीको नाका सिन्धुपाल्चोकको तातोपानी खुलेपछि यस राजमार्गमा सवारी चाप बढेको हो। यही राजमार्गमा हाल कोटेश्वरबाट लामा-छोटा दुरीका सवारी मात्रै दैनिक दुई हजार पाँच सयभन्दा बढी छुट्ने गरेका छन् ।

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP
वर्ष -१८, अंक- ३४,
२०८२ साल चैत १० गते मंगलबार
24 MARCH 2026, TUESDAY

# आईपीओ निष्कासन प्रक्रियामा शंकास्पद विवरण 'स्क्रिनिङ' गर्न मापदण्ड




काठमाडौं- नेपाल धितोपत्र बोर्डले साधारण सेयर निष्कासन (आईपीओ) प्रक्रियामा कमजोर वित्तीय अवस्थालाई पनि सबल देखाउने प्रवृत्तिमा नियन्त्रण गर्ने भएको छ ।

बोर्डले आईपीओ जारी गर्न चाहने कम्पनीले वित्तीय विवरणको वास्तविकता परीक्षण गर्ने संयन्त्र विकास गर्न लागेको हो ।

कमजोर वित्तीय अवस्था भएका कम्पनीलाई पनि आईपीओ जारी गर्न अनुमति दिएको विषयले धितोपत्र बोर्ड आलोचित हुँदै आएको थियो ।

धितोपत्र बोर्डका उच्च अधिकारीहरूमाथि कमजोर वित्तीय अवस्था भएको कम्पनीलाई पनि आईपीओ निष्कासन अनुमति दिएको भन्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पनि उजुरी परेको थियो ।

त्यसपछि आयोगले पनि उजुरीका आधारमा बोर्डका केही अधिकारीसँग सोधपुछ गरेको थियो । सोही सन्दर्भमा यसअघिको व्यवस्थापिका संसद्को लेखा समितिले समेत प्रश्न गरेको थियो । साथै, अध्ययन गर्न अख्तियारलाई निर्देशन दिएको थियो ।

आईपीओ निष्कासन प्रक्रियालाई लिएर आलोचना बढेसँगै त्यसमाथि धितोपत्र बोर्डले काम सुरु गरेको हो । पछिल्लो समय कमजोर वित्तीय अवस्था भएका कम्पनीले वित्तीय विवरण हेरफेर गरेर धितोपत्र बोर्डमा आईपीओ निष्कासन अनुमति माग गर्ने क्रम बढेकाले वास्तविकता परीक्षण गर्नंपर्ने देखिएको धितोपत्र बोर्डका एक अधिकारीले बताए ।

'नियामक निकाय नभएका संस्थाहरू पनि आईपीओ भन्दै बोर्ड आएको अवस्था छ,' ती अधिकारीले भने, 'बोर्डले विश्वास गर्ने आधार नै छैन, लगानीकर्ताको लगानी सुरक्षाका लागि पनि बोर्डले कम्पनी कस्तो हो भनेर स्क्रिनिङ गर्न आवश्यक देखियो ।'

नियामक नभएको कम्पनीलाई सिधै आईपीओ जारी गर्ने अनुमति दिँदा सेयर सम्बन्धी कुनै समस्या आएको खण्डमा समन्वय गर्न समेत अप्ठ्यारो परेको उनको भनाइ छ ।

'बोर्डले आईपीओ प्रक्रियामा तयार हुने विवरण तथा कागजपत्रका सन्दर्भमा मर्चेन्ट बैंकरलाई थप जिम्मेवार बनाउन खोजेको हो,' ती अधिकारीले भने, 'त्यसका लागि सार्वजनिक निष्कासनका लागि पेस भएका वित्तीय विवरण पुनरावलोकन वा जाँचबुझ गर्न आवश्यक मापदण्ड बनाउने प्रक्रिया सुरु भएको हो ।'

मर्चेन्ट बैंकरले व्यवसाय पाए भन्दैमा धितोपत्र बोर्ड आइहाल्ने भन्दा पनि कम्पनीको अवस्था तथा भविष्यको विषयमा खोजी गर्न जिम्मेवार बनाउन लागिएको ती अधिकारीको भनाइ छ ।

पछिल्ला वर्षहरूमा नेपालको पूँजीबजारमा सार्वजनिक निष्कासन गरी पूँजी संकलन गर्ने क्रममा उल्लेख्य बढेको छ । बैंक तथा वित्तीय संस्था, बीमा कम्पनी र जलविद्युत् कम्पनीहरू पूँजीबजारको प्राथमिक र दोस्रो बजारमा उपस्थिति थियो ।

हाल अन्य क्षेत्रका संगठित संस्थाले पनि धितोपत्र दर्ता गर्न तथा प्रारम्भिक सार्वजनिक निष्कासन मार्फत सेयर जारी गर्न बोर्ड पुगेका कम्पनीको संख्या उल्लेख्य छ ।

प्रत्यक्ष नियामकीय निकाय नभएको विभिन्न क्षेत्रका संगठित संस्थाले आईपीओ जारी गर्ने अनुमति माग्दै आएकाले ती कम्पनीको व्यावसायिक निरन्तरता, संस्थागत सुशासन, वित्तीय विवरणमा पारदर्शिता, ऐननियम पालनाको जोखिम उच्च हुने धितोपत्र बोर्डले जनाएको छ ।

धितोपत्र सम्बन्धी कानुनमा सार्वजनिक निष्कानका लागि प्राप्त निवेदन अस्वीकार गर्ने स्पष्ट व्यवस्था नभएकाले बजारको पारदर्शिता र लगानीकर्ताको सुरक्षाका मापदण्ड बनाउने प्रक्रिया अघि बढाएको बोर्डका ती अधिकारीले बताए ।

लेखा परीक्षणले नसमेटेका विषयलाई समेत आईपीओ अनुमति दिँदै गर्दा हेर्नंपर्ने भएकाले त्यसलाई सम्बाधेन गर्न पनि मापदण्ड आवश्यक हुने बोर्डको निष्कर्ष छ ।

लेखा परीक्षकको प्रतिवेदनमा कुनै कैफियत अवस्थामा त्यसको कारण उत्पन्न हुने वित्तीय असरका सम्बन्धमा समेत सम्बोधन गरिनुपर्छ। बोर्डमा आईपीओका लागि आएका संगठित संस्थाको वित्तीय विवरणमा संवैधानिक निकाय, तालुकदार निकाय र सर्वसाधारणबाट समेत समयमा गुनासो नआउने अवस्थाका लागि पनि यसरी मादण्ड बनाइ नियन्त्रण गर्नंपर्ने भएको बोर्डका ती अधिकारी बताउँछन् । लेखा परीक्षण भएको वित्तीय विवरणमा उल्लेखित अवस्थाका कारण परियोजना सञ्चालन क्षमता र सम्बन्धित जोखिमको समेत अवस्था विश्लेषण गर्न मादण्ड आवश्यक छ । प्रत्यक्ष नियामक निकाय नभएको संस्थाको वित्तीय अवस्था समेत विश्लेषण गर्न धितोपत्र बोर्डले निश्चित संयन्त्र बनाएर जानुपर्ने भएको बोर्डका ती अधिकारीको भनाइ छ ।

**नेपालमा नयाँ सरकार...**

भन्ने एकिन भईसकेको छैन । त्यसका लागि पार्टी सभापति रवि लामिछाने र वरिष्ठ नेता बालेन्द्र शाहको आन्तारिक छलफल र तयारीमा जुटेका छन् । नेपालमा जेन्जी विद्रोहवाट स्थापित सरकारले निर्वाचन गराउन सफल भएको छ । जनताले नयाँ म्याण्टेड दिएका छन् । नयाँ सरकारवाट आम नागरिकले आशा पनि गरेका छन् । मध्यपूर्वको असर नेपालमा पनि

गएको तीन साता अगाडी अमेरिका र ईजरालले इरानमाथि गरेको संयुक्त हमलापछि जारी मध्यपूर्वको युद्धले विश्व मानव जातिको उपभोग गर्ने वस्तुमा असर पारेको छ । युद्ध भोगिरहेका देश इरान, कुवेत, इजराल, साउदी अरब, वराईन, कतार ओमानहरुमा मानवीय क्षति र तनावले मानव जातिकै लागि निकै कठिन अवस्था छ । यहि वेलामा नेपालमा नयाँ सरकारले देशको बागडोर समाल्दै छ । नेपालमा बैदेशिक रोजगारमा गएका नेपालीहरुले पठाएको रेमिट्यान्सवाट देशको अर्थतन्त्रमा टेवा पुग्दै आएको छ । खाडी मुलुकमा चलिरहेको युद्धले नेपाललवाट रोजगारीमा गएकाहरु तत्कालै फर्कने क्रममा छन् भने मानवीय जोखिमा समेत परेका छन् ।

त्यसको असर नेपाल देशलाई समेत परेको छ । मध्यपूर्वको बिध्वसले मानव जातिको लागि निक्कै ठुलो क्षति पुऱ्याउदै आएको छ । भने मानवले प्रयोग गर्ने वस्तु, सेवामा समेत असर देखिदै गएको छ । विशेष गरेर ईन्धन पेट्रोलियम पदार्थको अभावले सवै वस्तुमा मुल्य बृद्धि हुदै गएको छ । शहरी क्षेत्रमा बस्ने मानिसहरुको जीवनस्तर कष्टकर बन्न थालेको छ ।

त्यसैले नयाँ बन्ने सरकारले नेपालमा नै अन्वेषण भएर उत्खनन प्रक्रियामा रहेको दैलेखको श्रीस्थान पञ्चकोशी पेट्रोल, उत्खनन कार्य गर्न सकेको खण्डमा विश्वमा हुने वेला वेलाका लडाईको संकटमा नेपाल देशले आफ्नै ईधनवाट देश चलाउन सकिन्छ । यस्ता अनेकौ देशलाई उपयोगी हुने उपायहरु देशले खोजेको छ । देश बनाउने स्पष्ट नीति लागु गर्न वर्तमानका युवाहरुले गर्न सक्छन् । ति युवाहरु रास्वपामा छन् भनेर नै झण्डै दुईतिहाईको जनमत जनताले दिएका छन् । त्यो जनमतको कदर होस् । नेपाल देश छिट्टै सम्भावना क्षेत्रमा काम गरेर विकास भएको जनताले सेवा पाएको देख्न पाइयोस् ।

**राजनीतिक नियुक्ति...**

बाहिर गएर खाएका नियुक्ति उपयुक्त हुँदैन ।' योग्यता र मेरिटको आधारमा नियुक्ति खाएकोले भने मार्गप्रशस्त गर्नंनपर्ने बुर्लाकोटीले बताए । 'मेरिटभन्दा बाहिर गएर गरेको नियुक्ति र मेरिटजस्तो प्रक्रिया मात्र पूरा गरे काले पनि मार्गप्रशस्त गरेको राम्रो हुन्छ,' उनले भने ।

**प्रहरीको 'घुमौं चितवन'**

अनुभव साटासाट गर्ने, पर्यटन प्रवर्द्धन गर्नेलगायत कार्यक्रम गर्दै आएको छ । कायालयका प्रमुख प्रहरी उपरीक्षक गोविन्द पुरीका अनुसार प्रहरीलाई केही समय आराम गराउने, आन्तिरक पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले सञ्चालित कार्यक्रममा डुङ्गा सयर, ऱ्याफ्टिङ, हाइकिङलगायत पर्यटकीय गतिविधि सञ्चालन हुँदै आएका छन् । साथै चितवन राष्ट्रिय निकुञ्जभित्र पर्यटकीय गतिविधिमा सहभागी गराउने गरिएको उनले बताए । प्रहरी उपरीक्षक पुरीका अनुसार छिमेकी जिल्लामा समेत पुगेर त्यहाँका पर्यटकीय सम्पदामा रमाउने, विभिन्न गतिविधिमा संलग्ने हुने र ज्ञान आर्जन गर्ने गरिएको छ । आलोपालो गरी गरिएको यस कार्यक्रमले प्रहरी कर्मचारी प्रत्यक्ष रूपमा लाभान्वित भएका उनले बताए । करिब एक वर्ष अघिदेखि सुरु गरिएको उक्त कार्यक्रमले प्रहरीलाई पुनर्ताजगी र सरुवा भएर एक ठाउँबाट अर्को ठाउँमा जाँदा भूगोलको पनि उचित ज्ञान हुने गरेको उनको बुझाइ छ ।

जिल्ला प्रहरी कार्यालय मातहत चितवनमा नौ सय प्रहरी कार्यरत छन् । जिल्ला ट्राफिक, आठ वटा इलाकासहित जिल्लामा ७३ वटा युनिटमा रहेर प्रहरीले सेवा प्रवाह गरिरहेका छन् ।

**प्रधानमन्त्रीलाई उज्यालो...**

सम्माननीयज्यूलाई हार्दिक बधाई तथा धन्यवाद ज्ञापन गर्दछौं,' अध्यक्ष घिसिङले भने, 'म हारे पनि देशले जितेको छ । तपाईंको नेतृत्वमा देशले सेफल्यान्डिङ पाएको छ । यसैमा खुसी छु । यति महत्त्वपूर्ण इतिहासको घडीमा मैले पनि केही समय यस सरकारमा रहेर काम गर्न पाएँ । अब संसदमा नभए पनि बाहिरै बसेर देशका निम्ति काम गर्छौं ।'

प्रधानमन्त्री कार्कीले उज्यालो नेपाल पार्टीले निर्वाचनमा भाग लिएर यस प्रक्रियालाई सघाएको भन्दै उच्च सह्राहना गरिन् । यस्तै यस सरकारको सफलताका लागि घिसिङले खेलेको प्रभावकारी भूमिकाको पनि प्रशंसा गरिन् । 'तपाईंहरु विभिन्न क्षेत्रका विज्ञहरु पार्टीमा हुनुहुँदो रहेछ' प्रधानमन्त्री कार्कीले भनिन्, 'यस्ता क्रिम अफ द सोसाइटीले मुलुकका निम्ति संसदबाहिरै पनि अझै धेरै काम गर्न सक्छ । एउटै निर्वाचनको नतिजाबाट निरुत्साहित भइहाल्नुहुँदैन । तपाईंहरुले गर्ने काम धेरै छ । अविचलित रुपमा अगाडि बढ्नुहोस् । मेरो शुभकामना छ ।'

यसै क्रममा उक्त पार्टीले प्रधानमन्त्री कार्कीसमक्ष खाडी क्षेत्रमा रहेका नेपालीहरुको सुरक्षा तथा गौरीबहादुर कार्की नेतृत्वको आयोगको प्रतिवेदन सार्वजनिकीकरणको माग पनि गरेको छ ।

सबै मन्त्रालय...

उनको भनाइ छ । "बजेट आर्थिक विषयमात्र नभई राजनीतिक नीतिसँग जोडिएको विषय पनि हो । नयाँ बन्ने सरकारले कस्तो नीति तथा कार्यक्रम बनाउँछ, चुनावी घोषणापत्रमा र ाखिएका विषयहरू बजेटमा कसरी सम्बो धन हुन्छन् भन्नेलगायत पक्षलाई हेरेर आगामी आर्थिक वर्षका योजना तथा कार्यक्रम तय गर्नंपर्ने हुन्छ", उनले भने ।

आगामी आवका लागि सरकारले लिने कर नीतिबारे हाल राजस्व पर ामर्श समिति गठन भई अध्ययनको काम भइरहेको र आर्थिक सर्वेक्षण तथा सार्वजनिक संस्थानहरूको प्रगति विवरण (पहेँलो किताब) तयार पार्ने काम पनि भइरहेको प्रवक्ता पाण्डेयले जानकारी दिए ।

आगामी आव २०८३/८४ को बजेट बनाउने काम भने गत पुसबाटै सुरु भइसकेको छ । अर्थ मन्त्रालयले तयार पारेको बजेट तर्जुमासम्बन्धी कार्यतालिकाअनुसार राष्ट्रिय स्रोत अनुमान समितिले आगामी तीन वर्षका लागि उपलब्ध स्रोत र खर्च गर्न सकिने सीमाको पूर्वानुमान (बजेट सिलिङ) तयार पारी अर्थ मन्त्रालयलाई बुझाइसकेको छ भने अर्थ मन्त्रालयले पनि सबै विषयगत मन्त्रालयलाई बजेट सिलिङ पठाइसकेको छ । आगामी आवका लागि करिब रु १८ खर्ब ९० अर्ब हाराहारीको बजेट ल्याउन सकिने गरी सिलिङ तयार पारिएको र ाष्ट्रिय योजना आयोगले जनाएको छ ।

नयाँ सरकार गठनमा ढिलाइ हुँदा बजेटमा समावेश गर्नंपर्ने नीति, कार्यक्रम र अपेक्षित उपलब्धिसहितका सूचकहरू तयार पार्ने काम भने प्रभावित भएको छ । राजनीतिक अस्थिरताका कारण तो किएको समयमा बजेट बनाउन नसक्ने अवस्था बारम्बार सृजना भएपछि जेठ १५ मा अनिवार्य रूपमा सदनमा बजेट पेस गर्नंपर्ने कानुनी व्यवस्था बनाइएको छ ।

बजेट निर्माण प्रक्रिया भने हरे क वर्षजस्तो प्रभावित हुँदा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐ न र नियमावली पटक-पटक संशोधन गर्नंपर्ने अवस्था आउने गरेको थियो । यस वर्ष पनि उक्त ऐन तथा नियमावलीले तो केको बजेट निर्माण तालिका प्रभावित हुने देखिएको छ ।

यस वर्षको बजेट तर्जुमासम्बन्धी कार्यतालिकाअनुसार चैत महिनादेखि बजेट निर्माण प्रक्रिया तीव्र रूपमा अघि बढ्नुपर्ने हो । चैत १ देखि २० गतेसम्म मन्त्रालयहरूबाट आएका प्रस्तावमाथि बजेट तथा कार्यक्रम महाशाखाले विस्तृत छलफल गर्ने तथा चैत १५ दे खि वैशाख १० गतेसम्म सार्वजनिक सूचना जारी गरी नागरिक, विज्ञ र सरो कार भएकाहरूबाट सुझाव सङ्कलन गरिसक्नेगरी कार्यतालिका तय भएको छ । यस्तै, चैत १५ गतेभित्र सबै विषयगत मन्त्रालयहरूले एलएमबिआइएस प्रणालीमार्फत बजेट प्रस्ताव पेस गरिसक्नुपर्ने कार्यतालिका छ ।

यस्तै, चैत २१ देखि २३ गतेसम्म अर्थमन्त्री, सम्बन्धित मन्त्रीहरू र सचिवहरूसँग बजेटका मुख्य कार्यक्रम र सिद्धान्तबारे छलफलका लागि कार्यसूची तयार भएको छ । यसैगरी, चैत २६ देखि २८ गतेसम्म सांसदहरूसँग प्रदेशगत रूपमा बजेटका उद्देश्य, प्राथमिकता र कार्यक्रमबारे छलफल गरिनेछ ।

अन्तरसरकारी वित्त परिषद्को बैठकसमेत यही अवधिमा बस्नेछ । चै त अन्तिम सातादेखि वैशाख मध्यसम्म प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्रालयहरूसँग सशर्त अनुदानलगायत विषयमा छलफल गर्ने कार्यसूची छ ।

वैशाख महिनामा बजेटको प्राविधिक तथा नीतिगत तयारी तीव्र हुनेछ । यस अवधिमा विदेशी सहायता, ऋण तथा अन्तरराष्ट्रिय स्रोतको एकिन गरिनेछ । साथै राजनीतिक दलका प्रतिनिधि, पूर्वअर्थमन्त्री, पूर्वगभर्नर, अर्थशास्त्री तथा विज्ञहरूबाट सुझाव सङ्कलन गरिनेछ ।

वैशाख २५ गतेसम्म विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकताको मस्यौदा तयार गरिनेछ भने आर्थिक सवे ंक्षणलाई अन्तिम रूप दिई प्रकाशनका लागि पठाइनेछ । यसैगरी मन्त्रालयगत र सार्वजनिक संस्थानहरूको प्रगति विवरण पनि छपाइका लागि वैशाख २० भित्र पठाइसक्नुपर्नेछ ।

जेठ महिनामा बजेटलाई अन्तिम रूप दिने प्रक्रिया अघि बढ्नेछ । सदनमा बजेट पेस हुनुभन्दा कम्तीमा १५ दिनअगावै विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता संसद्मा प्रस्तुत भइसक्नुपर्नेछ । जेठ ६ गतेसम्म व्यय अनुमानको प्रारम्भिक मस्यौ दा तयार हुनेछ भने राष्ट्रपतिसमक्ष बजेट ब्रिफिङका लागि मस्यौदा तयार पारिसक्नुपर्ने कार्यतालिका छ ।

यस्तै जेठ १० गतेसम्म खर्च शीर्षकगत विवरणसहित अन्तिम मस्यौ दा तयार गरी राष्ट्रपतिसमक्ष पेस गरिसक्नुपर्ने छ । यसपछि अर्थमन्त्रीले र ाष्ट्रपतिसमक्ष बजेटसम्बन्धी ब्रिफिङ गने ंछन् । जेठ १२ देखि १३ गतेसम्म आर्थिक विधेयक, विनियोजन विधेयक र बजेट वक्तव्यलाई अन्तिम रूप दिइनेछ ।

अन्ततः जेठ १४ गते सङ्घीय संसद्का दुवै सदनमा आर्थिक सवे ंक्षण, संस्थानहरूको प्रगति विवरण र मन्त्रालयगत प्रगति प्रतिवेदन पेस गरिनेछ । सोही दिन बजेट वक्तव्य, आर्थिक विधेयक, विनियोजन विधेयक, र ाष्ट्र ऋण उठाउने विधेयक र ऋण तथा जमानत विधेयक छपाइको काम हुनेछ ।

संवैधानिक व्यवस्थाअनुसार जेठ १५ गते सङ्घीय संसद्को संयुक्त बैठकमा बजेट प्रस्तुत हुनेछ ।

**नयाँ संसद् भवन...**

समयभन्दा दुई घण्टाअगावै औपचारिक वा आफ्नो सांस्कृतिक पहिचानको पोसाकमा उपस्थितिका लागि सचिवालयको अनुरोध छ ।

राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष प्रतिनिधिसभाका ज्येष्ठ सदस्य ७८ वर्षीय अर्जुननरसिंह केसीले यही चैत ११ गते राष्ट्रपति भवन शीतल निवासमा शपथ लिनेछन् । त्यसपछि यही चैत १२ गते निर्वाचित प्रतिनिधिसभा सदस्यलाई ज्येष्ठ सदस्य केसीले शपथ दिलाउनुहुनेछ ।

नेपालको संविधानको धारा, ८८ मा 'सङ्घीय संसद्को प्रत्येक सदनका सदस्यले सदन वा त्यसको कुनै समितिको बैठकमा पहिलो पटक भाग लिनुअघि सङ्घीय कानुनबमोजिम शपथ लिनुपर्ने' व्यवस्था छ ।

संविधानको धारा, ९१ (५) मा प्रतिनिधिसभाको सभामुख र उपसभामुखको निर्वाचन नभएको वा दुवै पद रिक्त भएको अवस्थामा प्रतिनिधिसभाको बैठकको अध्यक्षता उपस्थित सदस्यमध्ये उमेरका हिसाबले ज्येष्ठ सदस्यले गर्ने व्यवस्था छ । शपथ समारोहपछि नवनिर्वाचित सदस्यलाई प्रतिनिधिसभा सदस्यको प्रतीक चिह्न (लोगो), संविधान, संसद् नियमावली, सङ्घीय संसद्का पदाधिकारी तथा सदस्यहरुको सेवा सुविधासम्बन्धी सँगालोसहितका सामग्री उपलब्ध गराइनेछ। सचिवालयका प्रवक्ता एकराम गिरिले नवनिर्वाचित सांसदको शपथको आवश्यक व्यवस्थापनतर्फ सचिवालय लागिरहेको जानकारी दिए । उनले भने, 'सिंहदरबारस्थित निर्माणाधीन सङ्घीय संसद् भवनको बहुउद्देश्यीय हलमा सांसदहरुको शपथ र अधिवेशनका प्रारम्भिक बैठक गर्ने तयारी भइरहेको छ।' हलभित्रको भौतिक पूर्वाधार निर्माणको काम सम्पन्न भइसकेको छ भने केही प्राविधिक काम अन्तिम चरणमा पुगेको छ । सुरक्षालगायत विभिन्न पाटोबाट व्यवस्थापनको काम भइरहेको प्रवक्ता गिरिले स्पष्ट पारे ।

सरकारको सिफारिसमा राष्ट्रपतिबाट संसद् अधिवेशन आह्वान हुने संवैधानिक व्यवस्था छ । अधिवेशन आह्वानपछि संसद् बैठकको तयारीमा लाग्ने सचिवालयले जनाएको छ ।

निर्वाचनपछि संसद्मा प्रतिनिधित्व गर्ने राजनीतिक दल र सांसद सङ्ख्या फेरबदल भएसँगै सचिवालयले संसदीय दलको कार्यालय पनि सोहीअनुसार व्यवस्थापन गरिएको जनाएको छ ।

'सचिवालयभित्रै भएका संसदीय दलका कार्यालयलाई पार्टीको 'स्ट्रेन्थ' अनुसार व्यवस्थापन गरिएको छ', प्रवक्ता गिरीले भने ।

गत फागुन २१ गते सम्पन्न निर्वाचनमा राष्ट्रिय स्वतन्त्र पार्टीका १८२, नेपाली कांग्रेसका ३८, नेपाली कम्युनिष्ट पार्टी (एमाले)का २५, नेपाली कम्युनिष्ट पार्टीका १७, श्रम संस्कृति पार्टीका ७ र राष्ट्रिय प्रजातन्त्र पार्टीका पाँच तथा स्वतन्त्र सांसद एक जना निर्वाचित भएका छन् । नेपाली कांग्रेस र नेपाल कम्युनिष्ट पार्टी (एमाले)लाई साबिककै संसदीय दलको कार्यालयमा व्यवस्थापन गरिएको छ । नेपाली कम्युनिष्ट पार्टीले प्रयोग गर्दै आएको सचिवालयको भवन नं २ अन्तर्गत साविकको कार्यालय राष्ट्रिय स्वतन्त्र पार्टीका लागि व्यवस्था गरिएको छ ।

यसअघि रास्वपाले प्रयोग गर्दै आएको कार्यालय भवनलाई नेकपा, श्रम संस्कृति र राष्ट्रिय प्रजातन्त्र पार्टीको संसदीय दलको कार्यालयका रुपमा व्यस्थापन गरिएको छ ।

'त्यो अल्पकालीन व्यवस्था हो, निर्माणाधीन संसद् भवन सम्पन्न भएपछि सोही भवनभित्रै दलको कार्यालयहरु रहनेछन्,' प्रवक्ता गिरिले भने । नयाँ संसद् भवनमा सबै सांसदलाई बेग्लाबेग्लै 'चेम्बर'को समेत व्यवस्था गरिएको छ ।

जनआकाश
Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP



# मेरो कुनै गुनासो छैन : प्रकाश सपूत



**काठमाडौं–** हालै सम्पन्न प्रतिनिधि सभा निर्वाचनमा सबैभन्दा ठूलो दल बनेको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को समानुपातिक सूचीमा दलित पुरुष क्लस्टरतर्फ दोस्रो नम्बरमा रहेका गायक तथा अभिनेता प्रकाश सपूतको सांसद बन्ने सपना अधुरै रह्यो । संवैधानिक व्यवस्था अनुसार संसदमा ३३ प्रतिशत महिला प्रतिनिधित्व सुनिश्चित गर्नंपर्ने प्रावधानका कारण रास्वपाले उनलाई समेट्न सकेन ।


चुनावमा रास्वपाका लागि भोट माग्दै हिँडेका प्रकाश सांसद बन्न नपाएपछि उनी पार्टी र नेतृत्वप्रति असन्तुष्ट रहेको चर्चा चलेको थियो । तर, शनिबार बिहान उनले सामाजिक सञ्जालमा एक पोस्ट लेख्दै पार्टीप्रति आफ्नो कुनै गुनासो नरहेको बताएका छन् । उनले निर्वाचनपछि आफूलाई 'म छुटेँ' भन्ने लागेको भए पनि आफ्नो तीनवटा उद्देश्य पूरा भएकोमा खुसी व्यक्त गरेका छन् ।

अस्थिरता र भ्रष्टाचार अन्त्य गर्न रास्वपालाई समर्थन र सहयोग गर्ने, बालेनको नेतृत्वमा स्थायी सरकार बनाउन खुलेर लागिपर्ने र नयाँ सरकारलाई उपेक्षित, उत्पीडित आफ्नो समुदायको अनुहार देखाइरहने र झकझकाइरहने उद्देश्य बोकेर आफू निर्वाचनमा होमिएको बताउँदै उनले त्यो उद्देश्य पूरा भएको उल्लेख गरेका छन् ।

उनले होस हवासमैले आफूले चुनावमा होमिने निर्णय गरेको समेत बताएका छन् । उनी लेख्छन्, 'म मानसिक र व्यवहारिक रुपमा तयार भैरहेको थिए । किनकि, जीवनको कुनै न कुनै मोडमा कुनै कार्यकारी निकायमा बसेर काम गर्ने सोच पहिलेदेखिकै हो । अहिले त्यो संयोग र अवसर मिलेको थियो । मैले होस हवासमै निर्णय लिएको थिएँ र निर्वाचनमा होमिएको थिएँ ।'

उनले बालेन शाहको नेतृत्वमा ५ वर्षको स्थिर सरकार बन्ने प्रक्रियाको आफू सानो हिस्सा बन्न पाएकोमा खुसी व्यक्त गरेका छन् । आगामी कयौं पुस्ताले धन्यवाद दिने काम गर्न बालेनलाई सुझाव दिँदै उनले आफूले कुनै निकायमा नियुक्ति नखाने पनि स्पष्ट पारेका छन् । अब कलाकारितामार्फत जनतालाई मनोरञ्जन दिने उनको भनाइ छ ।

# निफमा सहभागी हुन 'शोले' का निर्देशक नेपाल आउने




**काठमाडौं–** भारतको कल्ट क्लासिक फिल्म मानिने 'शोले'का निर्देशक रमेश सिप्पी नेपाल अन्तर ाष्ट्रिय चलचित्र महोत्सव (निफ)मा सहभागी हुन नेपाल आउने भएका छन् । चैत १९ गते निफको उद्घाटन कार्यक्रममा सहभागी हुन उनी काठमाडौं आउने आयोजक संस्था नेपाल फिल्म एन्ड कल्चरल एकेमेडीले जनाएको छ । सिप्पी पहिलो पटक नेपाल आउन लागेका हुन् ।


कार्यक्रममा निर्देशक सिप्पीले नेपाली फिल्मकर्मी र दर्शकमाझ आफ्नो फिल्मी यात्राबारे अनुभव सुनाउने निफका अध्यक्ष केपी पाठकले बताए । उनले भने, 'नेपाली-भारतीय मेकरहरूको सम्बन्ध विस्तार र दिग्गज व्यक्तित्वको फिल्म मेकिङको अनुभवले नेपाली मेकरलाई केही जानकारी मिल्ने भएकाले हामीले उहाँलाई निफमा ल्याउने प्रस्ताव गरेका थियौं । उहाँले स्वीकार गर्नंभयो ।'

'अन्दाज' (१९७१)बाट निर्देशकीय यात्रा सुरु गरेका सिप्पीले 'शोले'सहित एक दर्जनभन्दा बढी फिल्मको निर्देशन गरिसकेका छन् । पछिल्लो पटक उनले निर्देशन गरेको फिल्म 'सिम्ला मिर्ची' सन् २०२० मा प्रदर्शन भएको थियो । उनले 'चाँदनी चोक टू चाइना', 'ब्लफमास्टर', 'सोनाली केबल', 'दम मारो दम' जस्ता एक दर्जनभन्दा बढी फिल्मको निर्माण समेत गरेका छन् ।

निफको नवौं संस्करण चैत १९ गतेदेखि २३ गतेसम्म काठमाडौंमा हुँदैछ । आयोजकका अनुसार निफमा ४० देशका ८८ फिल्म देखाइनुका साथै फरक-फरक विषयमा १० वटा अन्तर्क्रियात्मक कार्यक्रमहरू पनि राखिनेछ । पाँच दिनसम्म एआई फिल्म वर्कसप समेत सञ्चालन हुने आयोजकले जनाएको छ । त्यसमा सहभागी हुन इच्छुकले चैत ११ गतेसम्म आवेदन दिनुपर्नेछ ।



# नाटकमा डेब्यू गर्दै बेनिशा



**काठमाडौं–** फिल्ममा आफ्नो अभिनय क्षमता प्रमाणित गरिसकेकी अभिनेत्री बेनिशा हमाललाई अब नाटकमा देख्न पाइने भएको छ । चर्चित उपन्यास 'सेतो धरती'मा आधारित रहेर मञ्चन हुन लागेको नाटकमा उनले अभिनय गर्न लागेकी हुन् । उनको यो डेब्यू नाटक हुनेछ । कान्तिपुर फिल्म एकेडेमीको कान्तिपुर थिएटरमा मञ्चन हुने यस नाटकमा उनले ताराको भूमिकामा अभिनय गर्नेछिन् ।

एक महिना लामो अष्ट्रेलिया बसाइँपछि यसै साता नेपाल आएकी उनलाई शनिबार कान्तिपुर एकेडेमीले नाटकमा अनुबन्धित गरेको हो । उनले अबको २ महिना नाटकलाई समय दिनेछिन् । यो बीचमा उनी कुनै फिल्मको छायांकनमा नजोडिने बताइएको छ । नाटकमा अनुबन्धित भएसँगै उनी स्क्रिप्ट अध्ययन र पात्रको तयारीका लागि टिमसँग वर्कसपमा बसिसकेकी छन् ।

कान्तिपुर थिएटरले यसअघि रेखा थापा र विशाल पहारीलगायतका कलाकारहरू अभिनीत 'मीरा', जीवन लुइँटेल र सनिशा भट्टराईको डेब्यू नाटक 'शिरीषको फूल' तथा उषा रजक र राज न्यौपानेलगायतको अभिनय रहेको 'महारानीको जात्रा'को सफलतापूर्वक मञ्चन गरिसकेको छ । 'सेतो धरती' कान्तिपुर थिएटरमा मञ्चन हुने चौथो नाटक हुनेछ ।

कान्तिपुर फिल्म एकेडेमी तथा थिएटरका सीइओ प्रकाश पुरीले लेखक अमर न्यौपानेबाट अधिकार लिएर 'सेतो धरती'लाई नाटकको रुपमा मञ्चन गर्न लागिएको बताए । उनका अनुसार चैत १३ गते रंगमञ्च दिवसको अवसरमा नाटकको मञ्चन मितिसहित निर्देशक र अन्य कलाकारहरूको बारेमा जानकारी गराइनेछ । कान्तिपुर एकेडेमीले चाँडै फिल्म 'सकम्बरी' पनि निर्माण गर्दैछ ।

# पोखरामा हमालले गरे '१८ डी सिनेमा'को उद्घाटन



काठमाडौं- पर्यटकीय राजधानी पोखरामा अब मनोरञ्जनको क्षेत्रमा नयाँ आकर्षण थपिएको छ । फ्लाइ ओभर इन्टरटेनमेन्टले पोखराको डिज्नील्याण्ड लेकसाइडमा अत्याधुनिक '१८ डी सिनेमा' सञ्चालनमा ल्याएको हो । शुक्रबार अभिनेता राजेश हमालले यसको उद्घाटन गरे । '१८ डी सिनेमा'को पहिलो शाखा काठमाडौंको कमलपोखरीस्थित सिटी सेन्टरमा रहेको छ ।

हमालले उक्त सिनेमाको उद्घाटन गर्दै पोखरेली दर्शकले अब फरक किसिमको सिनेमाटिक अनुभव लिन पाउने बताए । यो सिनेमा मनोरञ्जन मात्र नभइ नयाँ संसारको अनुभव रहेको उनको भनाइ छ । उनले अब बन्ने सरकारले नयाँ गतिविधिमा लाग्ने उद्यमीहरूलाई प्रोत्साहन गर्दै देशमा लगानी र रोजगारीको वातावरण सिर्जना गर्न ध्यान दिनुपर्ने धारणा समेत व्यक्त गरे ।

फ्लाइ ओभर इन्टरटेनमेन्टका प्रमुख राम थापाले काठमाडौंमा सफल सञ्चालनपछि पोखरामा दोस्रो शाखा विस्तार गरेको बताए । काठमाडौंको भन्दा पोखराको प्रविधि अझ उन्नत रहेको बताउँदै उनले '१८ डी सिनेमा'मा १० देखि ३० मिनेटसम्मका १७ वटा फरक कथात्मक सिनेमामार्फत दर्शकले रोमाञ्चक अनुभव लिन पाउने दाबी गरे ।

कम्पनीका निर्देशक हिमाल थापाले पोखरामा यस प्रकारको सिनेमा सञ्चालनले साहसिक अनुभवलाई नयाँ उचाइ दिने विश्वास व्यक्त गरे । अब पोखरेली दर्शकले भित्री रूपमा पनि साहसिकता महसुस गर्न पाउने उनको भनाइ छ । '१८ डी सिनेमा'मा विभिन्न इफेक्टमार्फत दर्शकले आफू फिल्मको वास्तविक संसारमै समावेश भएको अनुभूति गर्न सक्ने उनी बताउँछन् ।

# 'आ बाट आमा'ले पूरा गऱ्यो ५१ दिन



काठमाडौं- यस वर्षको ब्लकबस्टर फिल्म 'आ बाट आमा'ले प्रदर्शनमा महत्त्वपूर्ण उपलब्धि हासिल गरेको छ । फिल्मले आइतबार प्रदर्शनको ५१ औं दिन पूरा गरेको हो । निर्देशक चन्द्र पन्तका अनुसार फिल्मले २० भन्दा बढी हलमा ५१ दिन मनाएको छ । यो अवसरमा आइतबार निर्माण पक्षले काठमाडौंमा एक कार्यक्रमको आयोजना गर्दै कलाकार र प्राविधिकलाई प्रशंसा पत्र प्रदान गऱ्यो ।

फिल्मले ५१ दिनसम्म करिब साढे १३ करोड व्यापार गरेको वितरक कम्पनी आरआर फिल्म्सले जनाएको छ । चलचित्र विकास बोर्डको बक्स अफिस तथ्यांकमा भने फिल्मको व्यापार १३ करोड १० लाख आसपास छ । प्रचारसहित २ करोडमा बनेको यो फिल्मबाट निर्माताले ५ करोडसम्म शेयर पाउन सक्ने देखिन्छ । यस वर्ष १३ करोडमाथि कमाउने 'परान'पछि यो दोस्रो फिल्म हो ।

'आ बाट आमा'को व्यावसायिक सफलतापछि यसको दोस्रो भागको निर्माण घोषणा भइसकेको छ । गत फागुनमा अभिनेता पल शाहको जन्मदिनको अवसर पारेर दोस्रो श्रृंखलाको घोषणा गरिएको थियो । आगामी दशैंमा रिलिज गर्ने लक्ष्य राखिएको यस फिल्ममा पल स्वयं मुख्य भूमिकामा देखिनेछन् भने विपना थापा पनि दोहोरिने सम्भावना उच्च रहेको छ ।

बाबुआमा र छोराको सम्बन्धलाई केन्द्रमा राखेर निर्माण गरिएको 'आ बाट आमा'मा पल र विपनासहित प्रदीप रावत, सिम्रन पन्त, साइग्रेस पोखरेल, उषा उप्रेती, रविन्द्र झा, गजित बिष्ट, रचना गौतम, बेगम नेपाली लगायतको अभिनय रहेको छ । निर्देशक पन्त स्वयंको कथा तथा पटकथा लेखन रहेको फिल्ममा अमर न्यौपाने, अभिमन्यू निरवी र चन्द्र पन्तको संवाद लेखन छ ।

# 'हामी तीन भाइ'को 'झम्के फुली' गीत सार्वजनिक



काठमाडौं- राम नवमीको अवसर पारेर चैत १३ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्म 'हामी तीन भाइ'को प्रचार अभियानलाई निर्माण पक्षले तीव्र बनाएको छ । यतिबेला फिल्मका कलाकारहरू प्रचारप्रसारमा सक्रिय देखिएका छन् भने टिजरदेखि ट्रेलरसम्म सार्वजनिक भइसकेका छन् । यसै क्रममा शुक्रबार फिल्मको नयाँ गीत 'झम्के फुली' दर्शकमाझ ल्याइएको छ ।

युवायुवतीबीचको प्रेम र आकर्षणलाई केन्द्रमा राखिएको यस गीतमा साप शक्ति र अस्मिता अधिकारीको स्वर रहेको छ । संगीत गायक शक्ति स्वयंको हो भने शब्द सुवलमणि सापकोटाले लेखेका हुन् । संगीत संयोजन महाराज थापाको रहेको छ । गीतको भिडियोमा फिल्मका मुख्य कलाकारहरू फलित राई, जाहन्वी बस्नेत, कुशल विष्ट र आश्मा गिरीलाई देख्न सकिन्छ ।

मधुसुदन भट्टराईको निर्देशनमा तयार भएको यस फिल्ममा विनोद न्यौपाने, लक्ष्मी बर्देवा, राजाराम पौडेल, रविन्द्र झा, बिष्णु सापकोटा, विकास चापागाईं, सुष्मा निरौला, यादव देवकोटा, अन्जु हमाल, तारा शर्मा, पवन केसी लगायतका कलाकारहरूको पनि अभिनय देख्न सकिनेछ । फिल्मका निर्माताहरू त्रिरत्न श्रेष्ठ र मनोज श्रेष्ठ हुन् ।

साजित महत प्रस्तुतकर्ता तथा विक्रम तामाङ कार्यकारी निर्माता रहेको फिल्ममा भक्तलाल श्रेष्ठ, प्रतिमा थापा पोखरेल र दुर्गालक्ष्मी पाण्डे सह-निर्माताको रूपमा छन् । फिल्ममा शिवम् अधिकारीको लेखन, शिव ढकालको छायांकन, बनिष शाहको सम्पादन, कमल राईको नृत्य निर्देशन, देव महर्जनको द्वन्द्व निर्देशन तथा साप शक्ति र बाबुल गिरीको संगीत रहेको छ ।

# 'मितज्यू'को 'गैराघरे काइाली' गीत सार्वजनिक

काठमाडौं- आगामी जेठ ८ गतेबाट प्रदर्शन हुन लागेको फिल्म 'मितज्यू'को पहिलो गीत 'गैराघरे काइँली' सार्वजनिक गरिएको छ । लोकलयमा आधारित यस गीतमा श्रीकृष्ण बम मल्ल र मेलिना राईको स्वर रहेको छ भने शब्द तथा संगीत गायक मल्ल स्वयंका हो । गीतको संगीत संयोजन श्याम श्वेत रसाइलीले गरेका हुन् । युवायुवतीबीचको प्रेम, आकर्षण र समर्पणको भावलाई गीतले प्रस्तुत गरेको छ ।

गीतको भिडियोमा फिल्मका मुख्य कलाकारहरुहरू दयाहाङ राई, सौगात मल्ल, तेरिया फौजा मगर, खड्गबहादुर पुन मगर (खबपु) लगायतलाई देख्न सकिन्छ । भिडियोमा सौगात र तेरियाले आकर्षक नृत्य प्रस्तुत गरेका छन् । यसले फिल्ममा उनीहरू जोडीको रूपमा रहेको स्पष्ट संकेत गर्छ । गीतका कोरियोग्राफर मिङ्मा डि लेप्चा हुन् । 'मितज्यू'का निर्माता जनक घर्ती मगरले यो गीत फिल्मको कथा अनुसार नै राखिएको बताए । उनले भने, 'फिल्मको कथाले जुन गीत मागेको थियो, त्यही नै समावेश गरेका हौं । अडियो र भिडियो दुवैलाई उत्कृष्ट बनाउन हामीले कुनै कुरामा सम्झौता गरेका छैनौं ।

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP
वर्ष -१८, अंक- ३४,
२०८२ साल चैत १० गते मंगलबार
24 MARCH 2026, TUESDAY

# मुस्ताङ भन्सारबाट पौने छ अर्ब राजस्व संकलन



मुस्ताङ- नेपाल–चीन उत्तरी कोरलानाकास्थित मुस्ताङ भन्सार कार्यालयले चालु आर्थिक वर्षमा पौने छ अर्ब राजस्व संकलन गरेको जनाएको छ । गत भदौ ३१ गतेदेखि पूर्ण रुपमा सञ्चालनमा आएको कार्यालयले यही चैत ७ गतेसम्म पाँच अर्ब ७१ करोड १० लाख रुपैयाँ राजस्व संकलन गरेको जनाएको छ ।

कार्यालयका प्रमुख रमेश खड्काले उक्त अवधिमा नाकाबाट १२ अर्ब १७ करोड रुपैइाँ मूल्य बराबरको मालवस्तु आयात भएको छ भने २० करोड ३० लाख रुपैयाँ मूल्य बराबरको मालवस्तु चीनतर्फ निर्यात भएको हो ।

हालसम्म कोरलानाकाबाट भित्रिएका दुई हजार ३४७ वटा विद्युतीय सवारीसाधनको भन्सार जाँचपास भएको मुस्ताङ भन्सार कार्यालयका प्रमुख रमेश खड्काले बताए ।

यसैगरी, मुस्ताङ भन्सार कार्यालयबाट एक हजार ८०४ वटा मालवाहक कन्टेनरको भन्सार जाँचपास भएको भन्सार प्रमुख खड्काको भनाइ छ ।

गत असार र साउनमा पहिरोका कारण रसुवागढी नाका र तातोपानी नाका पूर्ण रुपमा बन्द भएपछि मुस्ताङको कोरलानाकालाई वैकल्पिक नाकाका रुपमा प्रयोग गरिएको थियो ।

यसलगत्तै नेपाल सरकार भन्सार विभागले वैकल्पिक रुपमा प्रयोग गरिएको कोरलानाकालाई पूर्ण रूपमा सञ्चालन गराएको थियो । बर्सेनि १०/१५ लाख रुपैयाँ आर्थिक राजस्व संकलन गर्ने यहाँको मुस्ताङ भन्सार कार्यालयले असोजदेखि यता उल्लेखनीय राजस्व संकलन गर्न सफल भएको कार्यालयको भनाइ छ ।

# पोखरामा 'दोस्रो नाडा प्रेजेन्ट्स् वाडा अटो शो २०२६' हुने




पोखरा- नाडा अटोमोवाइल्स एशोसिएशन अफ नेपाल को प्रस्तुतीमा पश्चिमाञ्चल अटोमोबाइल डिलर्स एशोसिएसन (वाडा)द्वारा 'दोस्रो नाडा प्रेजेन्ट्स् वाडा अटो शो २०२६' आयोजना गरिने भएको छ । पहिलो संस्करणमा प्रदर्शक तथा अवलोकनकर्ताको उत्साहजनक सहभागितापछि दोस्रो संस्करण यही चैत ११ गतेदेखि १५ गतेसम्म पोखरा को लेकसाइडस्थित तालबराही चोक नजिकको खेल मैदानमा सञ्चालन हुने आयोजकले जनाएको छ ।

प्रदेशकै सबैभन्दा ठूलो अटो प्रदर्शनीका रूपमा लिइएको उक्त कार्यक्रमको प्रवर्द्धक पोखरा महानगरपालिका रहेको छ भने व्यवस्थापन ग्लोबल एक्सपोजिसन एण्ड म्यानेजमेन्ट सर्भिसेज (जेम्स)ले गर्नेछ । प्रदर्शनी सफल बनाउन विभिन्न प्रतिष्ठित संस्थाहरू–राइड इनर्जी (पावर्ड बाइ), शिखर इन्सुरेन्स (इन्सुरेन्स पार्टनर), दिर्घायु पोखरा हस्पिटल (हस्पिटल पार्टनर), खल्ती एप (टिकटिङ पार्टनर), युनियन पे (क्यूआर पार्टनर), टेम्पल बेल (हस्पिटालिटी पार्टनर), पोखरा इन्टरनेट (इन्टरनेट पार्टनर), हिटको प्रा.लि. (फायर सेफ्टी), सिटिजन फर्निचर, तथा पोखरा क्रिएटिभ्स प्रा.लि. लगायतको सहकार्य रहनेछ ।

यस अटो शोमा सवारी साधन खरिद-बिक्रीसँगै आधुनिक प्रविधिबारे प्रत्यक्ष जानकारी प्रदान गरिनेछ । अटो व्यवसायको प्रवर्द्धन, क्षेत्रीय बजार विस्तार तथा नेपालमै उत्पादन सम्भावनालाई प्रोत्साहन गर्ने उद्देश्यसहित प्रदर्शनी आयोजना गर्न लागिएको आयोजकले जनाएको छ । साथै, अटो व्यवसायीहरूलाई एउटै थलोमा भेला गराई व्यवसायिक सहकार्य बढाउने लक्ष्य पनि राखिएको छ । प्रदर्शनीमा १६ ब्रान्डका चारपाङ्गे, ६ ब्रान्डका लाइट कमर्शियल, १० ब्रान्डका दुईपाङ्गे र एउटा हेभी कमर्शियल सवारी साधनसहित लुब्रिकेन्ट, टायर, ग्यारेज उपकरण तथा विभिन्न एसेसरिजका स्टलहरू रहनेछन् । साथै वित्तीय संस्थाका करिब २० वटा स्टल पनि रहनेछन् । यस संस्करणको विशेष आकर्षणका रूपमा भिन्टेज कार शो तथा अत्याधुनिक प्रविधिका रोबोटहरू–जस्तै युनिट्री जी-वान ह्युमानोइड, युनिट्री गो-टु र चंखे–प्रदर्शनमा राखिनेछन् । यी प्रदर्शनीले नयाँ पुस्तालाई पुराना तथा आधुनिक दुवै प्रकारका प्रविधिसँग साक्षात्कार गराउने अपेक्षा गरिएको छ ।

पाँच दिनसम्म चल्ने उक्त अटो शोमा करिब ४५ हजार आगन्तुकले अवलोकन गर्ने आयोजकको विश्वास रहेको छ । टिकट खरिदमा खल्ती एपमार्फत विशेष क्यासब्याक योजना पनि राखिएको छ, जसअनुसार प्रत्येक दिन पहिलो १०० जना साधारण टिकट खरिदकर्तालाई ५० प्रतिशत र पहिलो १०० जना विद्यार्थीलाई १०० प्रतिशतसम्म क्यासब्याक सुविधा प्रदान गरिनेछ । आयोजकका अनुसार यस प्रदर्शनीले अटो व्यवसाय प्रवर्द्धनसँगै आन्तरिक पर्यटनलाई समेत टेवा पुऱ्याउने विश्वास लिइएको छ ।

# टाटा मोटर्सले इभी बजारमा उपस्थिति बढाउँदै

काठमाडौं- भारतीय इलेक्ट्रिक कार बजारमा आफ्नो दबदबा राखेको टाटा मोटर्सले सन् २०२६ को अन्त्यसम्म थप तीन इभी सार्वजनिक गर्ने योजना बनाएको छ ।

टाटा मोटर्सले बजारमा आफ्नो प्रभुत्व अझ बलियो बनाउन प्रिमियम र किफायती दुवै सेग्मेन्टमा नयाँ मोडलका यभी ल्याउन लागेको हो । टाटाका तीन बहुप्रतीक्षित इलेक्ट्रिक कारमा सियरा, अल्ट्रोज र अभिन्या छन् ।

आधुनिक डिजाइन, हाइ-इन्ड प्रविधि र लामो दूरीको ड्राइभिङ रेन्जसहित सिएरा एसयूभीले प्रिमियम इलेक्ट्रिक सेग्मेन्टमा प्रतिस्पर्धा गर्ने अपेक्षा गरिएको छ ।

यस्तै लोकप्रिय ह्याचब्याक अल्ट्रोजको इलेक्ट्रिक संस्करण पनि कम्पनीको योजनामा छ । यो मोडल मुख्यतः मध्यम वर्गका ग्राहकलाई लक्षित गरी ल्याइने अनुमान गरिएको छ ।

यसैगरी, टाटाको नयाँ जेनेरेसन इलेक्ट्रिक प्लेटफर्ममा आधारित अभिन्या अत्याधुनिक डिजाइन र प्रविधिसहित आउने बताइएको छ । यसलाई कम्पनीले प्रिमियम इलेक्ट्रिक सेग्मेन्टमा प्रस्तुत गर्ने तयारी गरिरहेको छ ।

कम्पनीसँग हाल टियागो, टिगोर, पन्च, नेक्सन, कर्भ र ह्यारियर जस्ता ६ वटा इलेक्ट्रिक मोडलको बलियो पोर्टफोलियो छ । टाटाले टियागो इभी पनि २०२६ मोडलको ल्याउने तयारी गरिरहेको छ ।

टाटा मोटर्सका इभी नेपाली बजारमा पनि प्रतिस्पर्धामा छन् । कम्पनीले नेपालमा टियागो, पन्च, कर्भ र नेक्सन इभी बिक्री गर्दै आएको छ । यस्तै फ्लिटमा टाटाको एक्सप्रेस टी पनि नेपालमा ठूलो संख्यामा बिक्री भएको छ ।

# नाडा र बागमती सरकारबीच अटोमोवाइल क्षेत्र सुधारका लागि सहकार्य गर्ने सहमति



काठमाडौं– नाडा अटोमोवाइल्स एशोसिएशन अफ नेपाल को प्रतिनिधिमण्डलले बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँ सँग भेटघाट गरी अटोमोवाइल क्षेत्रका विविध विषयमा विस्तृत छलफल गरेको छ । नाडाका अध्यक्ष सुरेन्द्रकुमार उप्रेती को नेतृत्वमा गएको टोलीले प्रदेश सरकारसँग सहकार्यका सम्भावनाबारे आफ्नो धारणा प्रस्तुत गरेको हो ।



भेटका क्रममा मुख्यमन्त्री बानियाँले नाडाको नयाँ नेतृत्वलाई बधाई दिँदै सफल कार्यकालको शुभकामना व्यक्त गरे । उनले ५० वर्ष लामो इतिहास बोकेको नाडाले राजतन्त्र, प्रजातन्त्र र गणतन्त्र तीनै राजनीतिक व्यवस्थाको अनुभव बटुलेको उल्लेख गर्दै संस्थाको प्रशंसा गरे । बागमती प्रदेशमा देशका करिब ५० प्रतिशत सवारी साधन दर्ता हुने सन्दर्भमा राजधानीमा ट्राफिक जाम, पार्किङ अभाव लगायतका समस्या समाधानका लागि सरकार र नाडाबीच सहकार्य आवश्यक रहेको उनले बताए ।

मुख्यमन्त्री बानियाँले प्राविधिक जनशक्ति उत्पादन, रोजगारी सिर्जना तथा ट्रायल सेन्टर स्थापना जस्ता क्षेत्रमा समेत सहकार्य गर्न सकिने धारणा राखे । अध्यक्ष उप्रेतीले नाडामा ७ वटै प्रदेशबाट २,८८३ सदस्य कम्पनी आबद्ध रहेको जानकारी दिँदै अटोमोवाइल क्षेत्रमा एक खर्बभन्दा बढी लगानी रहेको बताए । उनले वार्षिक करिब ५,००० दक्ष जनशक्ति आवश्यक पर्ने उल्लेख गर्दै प्रदेश सरकारसँग सहकार्यका लागि मोडालिटी तयार गरी पेश गर्ने प्रतिबद्धता जनाए ।

पूर्वअध्यक्ष करण चौधरी ले प्रतिभा पलायन रोक्न अटोमोवाइल क्षेत्रले भूमिका खेलिरहेको उल्लेख गर्दै नाडाले सञ्चालन गरिरहेको सीपमूलक तालिम कार्यक्रमलाई अझ प्रभावकारी बनाउन प्रदेश सरकारसँग सहकार्य आवश्यक रहेको बताए ।

त्यस्तै, नाडाका विशिष्ट सल्लाहकार राजनबाबु श्रेष्ठ ले अटोमोवाइल प्रविधि तीव्र गतिमा परिवर्तन भइरहेको उल्लेख गर्दै सोही अनुसार दक्ष प्राविधिक जनशक्ति उत्पादन गर्नु चुनौतीपूर्ण रहेको बताए । उनले नाडाले परिस्कृत पाठ्यक्रम तयार गरिरहेको भए पनि स्रोतसाधन र दक्ष प्रशिक्षकको अभाव रहेको औंल्याए । छलफलमा नाडाका पदाधिकारीहरू–भद्र भण्डारी, गणेश भट्टराई, विक्रम सिंहानिया, अभिक ज्योति, मिलनबाबु मल्ल, पंकज अग्रवाल, निलमणि पाठक लगायतका पदाधिकारी तथा सदस्यहरूको उपस्थिति रहेको थियो ।

नाडा र बागमती प्रदेश सरकारबीचको यो छलफलले अटोमोवाइल क्षेत्र सुधार, रोजगारी सिर्जना तथा प्राविधिक विकासमा सहकार्यको नयाँ ढोका खोल्ने अपेक्षा गरिएको छ ।

मौसमसम्बन्धी सही सूचना प्राप्त गरौं, सुरक्षित भविष्य निर्माण गरौं ।

- मौसम तथा जलवायुसम्बन्धी सूचना लिने र दिने गरौं,
- मौसम पूर्वानुमानको जानकारी नियमितरूपमा लिऔं,
- प्राकृतिक विपद् जोखिम न्यूनीकरणमा सचेत बनौं,
- जलवायु परिवर्तनका असर घटाउन सामूहिक प्रयास गरौं,
- वन संरक्षण र वृक्षारोपणमा सक्रिय सहभागिता जनाऔं,
- ऊर्जा बचत र स्वच्छ ऊर्जाको प्रयोग बढाऔं,
- वातावरण प्रदूषण नियन्त्रणमा जिम्मेवार बनौं ।

वातावरण संरक्षण गरौं, जीवन रक्षा गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनआकास मिडिया प्रा.लि का लागि : प्रकाशकः द्रोणबहादुर बस्नेत, प्रधान सम्पादकः मोहन कार्की (९८५१०८७१५६), सम्पादकः ईन्दिरा धमला, कम्प्युटरः जनआकाश डेस्कटप
प्रधान कार्यालय, बागबजार काठमाडौ, ०१-४१६७५७८, पोष्ट वक्स नं १६५६ Email: jana .news2065@gmail .com मुद्रणः सुप्रिम प्रिन्टिङ्ग प्रेस, बागबजार